# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ५२ | काठमाडौं | बिहीबार, ३१ जेठ २०८१ | Prabhab National Daily | Thursday, June 13, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# सेनालाई ‘ठेकेदार’ बनाउनु जोखिमपूर्ण

- सेनालाई ठेक्का दिएकोमा सांसदहरूको आपत्ति
- राष्ट्रिय गौरवसँगै विभिन्न अप्ठ्यारा आयोजनाको जिम्मा सेनालाई
- सेना ठेकेदारजस्तो भएको र महत्त्वाकांक्षी हुँदै गए गणतन्त्रमाथि खतराको चेतावनी



नेपाली सेनाले निर्माण गरिरहेको काठमाडौं–तराई/मधेस द्रुतमार्ग ।

■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली सेनाको बद्लिँदो भूमिकालाई लिएर प्रतिनिधिसभामा आलोचना भएको छ । रक्षा मन्त्रालयको अधिकांश बजेट कार्यान्वयनका लागि सेनाले ठेक्का पाएपछि सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले यसलाई ‘गलत’ र ‘जोखिमपूर्ण’ भनेका छन् । पछिल्ला वर्षहरूमा सेनाको भूमिका ठेकेदारको रूपमा देखिनुलाई सांसदहरूलाई व्यवस्थामाथिको खतराको रूपमा पनि चित्रण गरेका छन् ।

बुधबार नेकपा एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले विकास निर्माणको काममा नेपाली सेनालाई संलग्न गराउनु कत्तिको जायज हो भन्दै गम्भीर प्रश्न गरे । ‘यस्तो संवेदनशील जुन संरचना छ, जुन अंग छ नेपाली सेना, यसलाई हामी व्यापार गर्न दिन्छौं, ठेक्कापट्टा गर्न दिन्छौं,’ उनले सोधे, ‘सुरक्षाको हिसाबले संवेदनशीलताको यो कुरा कति जायज हो ?’

सेनालाई बजेट दिएर ठेक्कापट्टामा संलग्न गराउने रक्षामन्त्री हरिप्रसाद उप्रेती एमालेकै हुन् । उनलाई नै सांसद गुरुङले प्रश्न गरे । सेनालाई विकास निर्माणको काममा संलग्न गराइरहेको विषयमा सरकारले छिटो सोच्नुपर्ने उनको भनाइ छ । विकास निर्माणमा संलग्न गराउँदा सेनाको महत्त्वाकांक्षा बढ्दै जाने र त्यसले भविष्यमा व्यवस्थामाथि नै संकट ल्याउन सक्ने पनि उनले औंल्याए । ‘धेरै महत्त्वाकांक्षा बढ्यो भने त्यसले हाम्रो लोकतन्त्रमाथि, गणतन्त्रमाथि विभिन्न देशमा महत्त्वकांक्षा बढ्दा संकट पैदा भएको देखेका छैनौं ? हामीले देखेका छौं,’ उनले भने ।

बैठकमा कांग्रेसका सांसद सञ्जयकुमार गौतमले नेपाली सेनाको इज्जत जोगाउन भए पनि ठेक्काबाट अलग गर्नुपर्ने बताए । सेनालाई सेनाबाहेक अरू हुन दिन नहुने उनको मत छ । ‘सेना एउटा त्यही इन्स्टिच्युसन छ जो बचेको छ । सबै हामीले सिध्याइसक्यौं । यसको मौलिकतालाई बचाऔं,’ गौतमले बताए । उनले सेनाप्रति प्रश्न उठ्नुलाई जायज मान्न नसकिने पनि उल्लेख गरे ।

‘सेनालाई विकासमा लगाउनुपर्छ । तर, विकासमा लगाउने क्रममा व्यापारमा लगायौं भने लामो दूरीमा त्यसले स्खलन लिएर आउँछ । यसको सुन्दरतालाई प्रहार गर्छ,’ सांसद गौतमले भने, ‘सेनामा प्रश्न उठेको, टीकाटिप्पणी भएको राम्रो हुँदैन । यतापट्टि हामी लक्षित हुनुपर्छ ।’

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले नेपाली सेनालाई विकासमा लगाउन सकिने तर सेनालाई नै ठेक्का लगाउन दिन नहुने मत राखे । ‘आर्मी जसले विकासको जिम्मा लिएको छ । आर्मीले उही ठेकेदारलाई नै ठेक्का दिने हो भने सडक डिभिजन र सेनामा के फरक पर्छ ?,’ साहले सोधे, ‘ठेकेदारमार्फत नै गर्ने हो भने आर्मीमार्फत किन गराउने ?’

> राज्यको संवेदनशील अंग सेनालाई हामी व्यापार गर्न दिन्छौं, ठेक्कापट्टा गर्न दिन्छौं । सुरक्षा संवेदनशीलताको हिसाबले यो कुरा कति जायज हो ?
>
> ● **पृथ्वीसुब्बा गुरुङ**
> उपमहासचिव, नेकपा एमाले

> सरकारले सेनालाई सेनाकै भूमिकामा राख्नुपर्छ । ठेकेदार बनाउन मिल्दैन । यस्तो विवादास्पद विषयमा सरकारले जिम्मेवारी दिनु र सेनाले लिनु दुवै उपयुक्त हुँदैन ।
>
> ● **गेजा शर्मा वाग्ले**
> सुरक्षविज्ञ

उनले सेनालाई अत्याधुनिक बनाउनुपर्ने र सरकारले त्यस प्रकारको नीति बनाउनुपर्ने उनको जोड छ । ‘आर्मीको हैसियत नघटाऔं । सेनालाई आधुनिक बनाउन आवश्यक छ ।

(क्रमशः पृष्ठ २ मा)

## ठेक्कामा सेना

नेपाली सेनाले राष्ट्रिय गौरवको आयोजना तराई-मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माण गरिरहेको छ । तर, सेनाले पटक-पटक थपिएको समयमा पनि आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने देखिएको छैन । सेनाले संखुवासभाको खाँदबारी-किमाथांकाको च्याम्ताङ-घोङघप्पा खण्डको पनि निर्माणको ठेक्का पाएको छ । यो सडक राष्ट्रिय गौरवको आयोजना उत्तर-दक्षिण कोशी करिडोरअन्तर्गत पर्छ । आगामी आर्थिक वर्ष ०८१-८२ भित्र सक्ने गरी २०७७ माघ २४ मा सेनाले ठेक्का जिम्मा पाएको हो ।

धादिङको बेनीघाटदेखि गोरखाको लार्केपाससम्मको अप्ठ्यारो खण्डको ठेक्का पनि सेनाले नै लिएको छ । अहिले ट्र्याक खोल्न काम जारी छ । सेनाले आर्थिक वर्ष ०८६/८७ भित्र बाँकी ५५ किमि सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न गर्नुपर्ने छ । हुम्लाको खार्पुनाथ र सर्केगाड गाउँपालिकाको बीचमा ठूला चट्टान भएको खण्डको ठेक्का पनि सेनाले पाएको छ । सेनालाई सडक निर्माणको काममा मध्य पञ्चायतकाल (२०३०)तिरदेखि नै संलग्न गराउँदै आएको हो । तर, २०८१ सालसम्म आइपुग्दा सेनाले ठेकेदार नै भएको छ ।

जसबारे बुधबार संसद्मा आलोचना भएको हो । हुन पनि सेनाले कयौं ठेक्का हात पारेको छ । कतिपय निर्माण सम्पन्न हुने चरणमा छन्, कति चाहिँ निर्माणाधीन छन् । सेनाले आर्थिक वर्ष २०७९/८० मा मात्र द्रुतमार्गबाहेकका पाँचवटा सडकको निर्माणको जिम्मा पाएको थियो । कालीगण्डकी करिडोर सडक, कर्णाली करिडोरलगायत हुन् ।

(क्रमशः पृष्ठ २ मा)

# विज्ञापन व्यवसायलाई मर्यादित बनाउन सम्झौता

## विज्ञापन एजेन्सी र सञ्चारगृहलाई आचार संहिता पालनमा कडाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** विज्ञापनसम्बन्धी कारोबार व्यवस्थापन तथा अनुगमन कार्यविधि बनाएर लागू गर्ने विषयमा सरोकारवालाबीच सम्झौता भएको छ । मूलधारका सञ्चार गृहरूको छाता संगठन र विज्ञापन एजेन्सीहरूको छाता संगठनहरूबीच बुधबार यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो । यसका लागि आचार संहिता तय गरी लागू गरिने भएको छ ।

विज्ञापन व्यवसायमा देखिएको बेथिति रोक्न तथा आर्थिक मन्दीबाट प्रभावित सञ्चार क्षेत्रको निरन्तरताका लागि सहजीकरण उद्देश्यले सम्झौता गरिएको हो । सम्झौतापत्रमा नेपाल विज्ञापन संघ (आन)का अध्यक्ष सुदिप थापा, राष्ट्रिय विज्ञापन संघ नेपाल (नान)का धर्मेन्द्रकाजी श्रेष्ठ, नेपाल मिडिया सोसाइटीका अध्यक्ष शुभशंकर कडेल र मिडिया एलायन्स नेपालका अध्यक्ष भाष्करराज राजकर्णिकारले सम्झौतापत्रमा हस्ताक्षर गरे । सम्झौताले विज्ञापन व्यवसायलाई मर्यादित बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ ।

हाल सरकारी निकायहरूले गर्ने विज्ञापनमा सरकारी ढुकुटीबाट हुने खर्चमध्ये न्यूनमात्र सञ्चारमाध्यमले पाउँदै आएको छ । अधिकांश रकम बीचमै गायब भइरहेको अवस्थालाई रोक्न सम्झौता गरिएको सञ्चारसम्बद्ध संस्थाका प्रतिनिधिहरूले बताएका छन् । यो सम्झौता लागू भएपछि मूलधारका सञ्चारमाध्यमहरूमा विज्ञापन कारोबार गर्दा विज्ञापन कारोबार गर्नका लागि

(क्रमशः पृष्ठ २ मा)

### यी हुन् सम्झौताका २२ बुँदा

१) नेपाल सरकारको सम्बन्धित निकाय तथा विज्ञापन बोर्डमा प्रक्रिया पूरा गरेर दर्ता भई नियमित नवीकरण भएको हुनुपर्ने छ । साथै नेपाल विज्ञापन संघ (आन) वा राष्ट्रिय विज्ञापन संघ नेपाल (नान) को सदस्य भएको हुनुपर्ने छ ।

२) विज्ञापन एजेन्सीले विज्ञापन कारोबार गर्न आवश्यक भौतिक पूर्वाधार नेपाल विज्ञापन संघ वा राष्ट्रिय विज्ञापन संघबाट जारी गरिएको तालिकाअनुसार कम्तीमा पाँच जना कर्मचारी भएको प्रमाणित गरी नेपाल विज्ञापन संघ वा राष्ट्रिय विज्ञापन संघ नेपालको सदस्यता लिएको हुनुपर्ने छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# आइएलओको ‘गभर्निङ बडी’मा नेपाल निर्वाचित

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को ‘गभर्निङ बडी’मा नेपाल सर्वसम्मत निर्वाचित भएको छ । स्वीट्जरल्याण्डको जेनेभामा जारी आइएलओको ११२औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा गत शुक्रबार भएको मतदानबाट नेपाल उपसदस्यमा निर्वाचित भएको हो । मतदानमा १८७ मुलुकले सहभागिता जनाएकोमा नेपालले १८५ मत प्राप्त गरेको थियो ।

उपसदस्यको रूपमा नेपालको २०२४ देखि २०२७ सम्म कार्यकाल रहने छ । जसमा सरकार, रोजगारदाता र ट्रेड युनियनको प्रतिनिधित्व रहने छ । आगामी १५ जुनमा ‘गभर्निङ बडी’ को बैठकको ३५१ औं सत्रबाट नेपालले जिम्मेवारी पाउने छ । उपसदस्यको हैसियतमा नेपालले श्रमस्तरलाई अगाडि बढाउन, मर्यादित कामको प्रवर्द्धन गर्न र आइएलओमा लोकतान्त्रिक र समावेशी निर्णय प्रक्रियामा त्रिपक्षीय सहयोग अभिवृद्धि गर्न योगदान गर्ने अवसर पाउने छ ।

नेपालले आजको श्रमबजारमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न विशेषगरी आप्रवासी श्रमिकका लागि नैतिक भर्ना, मर्यादित कामका सिद्धान्तहरू, कार्यस्थलको सुरक्षा र स्वास्थ्य, न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षालगायतका चुनौतीहरूलाई सम्बोधन गर्न त्रिपक्षीय निकायसँग आवाज थप्न र सहकार्य गर्न सक्षम हुने छ ।

‘गभर्निङ बडी’ अन्तर्राष्ट्रिय श्रम संगठनको कार्यकारी शाखा हो, जसले संगठनको नीति र योजनाहरू निर्धारण गर्न, अन्तर्राष्ट्रिय श्रम सम्मेलनका लागि एजेण्डा तय गर्न, प्रस्तावित कार्यक्रमहरू र सम्मेलनमा बजेट पेस गर्नमा महत्त्वपूर्ण भूमिका खेल्छ । यसमा त्रिपक्षीय संरचनामा ५६ सरकार, ३३ रोजगारदाता सदस्य र ३३ कार्यकर्ता सदस्य छन् । नेपालले २१ फेब्रुअरी २०२४ मा एसिया प्यासिफिक ग्रुपमा आइएलओ ‘गभर्निङ बडी’ को उपसदस्यका लागि उम्मेदवारी घोषणा गरेको थियो ।



एसिया प्यासिफिक क्षेत्रबाट गभर्निङ बडीको सहायक सदस्यको रूपमा मलेसिया, फिलिपिन्स र कतार रहेका छन् । सन् १९६६ मा अन्तर्राष्ट्रिय श्रम सगंठनमा आबद्ध भएयता नेपाल दोस्रोपटक सञ्चालक समितिमा निर्वाचित भएको हो ।

(क्रमशः पृष्ठ २ मा)

## मलेसियामा गैरकानुनीरूपमा रहेका नेपालीको उद्धार

**काठमाडौं (प्रस)–** मलेसियास्थित नेपाली राजदूतावासले लामो समयदेखि गैरकानुनीरूपमा त्यहाँ बसेका र अलपत्र परेका नेपालीहरूको उद्धार गरेको छ । दूतावासले घर फिर्ती कार्यक्रममार्फत चार जनालाई उद्धार गरी स्वदेश फर्काउन पहल गरेको हो । मंगलबारमात्रै दूतावासले उद्धार गरेका सप्तरीका सरोजकुमार यादव, कालिकोटका पवनबहादुर शाहीलगायत चार जनालाई उद्धार गरी नेपाल फर्काएको छ ।

सप्तरीका यादव रोजगारीका लागि मलेसिया पुगेर १२ वर्ष बिताए । तर उनी रोजगारदाता (कम्पनी)को लापरबाहीका कारण गैरकानुनी कामदार बन्न पुगे । न उनी घर फर्कन सके, न वैधानिकरूपमा नै काम गर्न पाए । अवैधरूपमा बस्दै आएका उनी भागेर दूतावासको सम्पर्कमा पुगे । त्यसपछि दूतावासले आवश्यक विवरण लिएर उद्धार गरी सबै प्रक्रिया पूरा गरेर घर फर्काएको छ । अवैधरूपमा बसेका यादव घर फर्किन पाएपछि खुसी देखिएका छन् । ‘मलेसिया आएको १२ वर्ष भयो, यहाँ बस्ने खर्च पनि छैन, अब घर जान पाइने भइयो, सजिलो भयो, सरहरूले (दूतावासका कर्मचारी) छिट्टै मिलाइदिनु भयो,’ उनले भने ।

त्यस्तै मलेसिया पुगेको एक वर्षमै सिकिस्त बिरामी परेका पवनबहादुर शाही कम्पनीले बेवास्ता गरेपछि अलपत्र परे । कालिकोट तिलागुफा नगरपालिकाका शाही बिरामीका कारण काम गर्न नसक्ने भएपछि घर फर्किन खोजे पनि कम्पनीले साथ दिएन ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बीट क्रमशः

### सेनालाई "ठेकेदार"...

यसका लागि सरकारले स्पष्ट नीति लिनुपर्छ,' साहले भने । बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ध्रुवबहादुर प्रधानले नेपाली सेनाको दूरगामी सदुपयोगका विषयमा सरकार गम्भीर हुनुपर्ने बताए । नेपाली सेनालाई रणनीतिकरूपमा प्रयोग गरेको इतिहास नेपालसँगै रहेको प्रधानले स्मरण गराए । 'सेनाको प्रयोगको कुरामात्रै गर्ने होइन, त्यसलाई हामीले डिप्लोमेटिकल्ली कसरी प्रयोग गर्ने भन्ने विगतका इतिहास हामीसँग साक्षी छ,' प्रधानले भने, 'ब्लकेड (नाकाबन्दी) भएको बेलामा पनि सेना सक्रिय गराएको कारण अलि छिटो कार्य भएको हामी सम्झिन सक्छौं ।'

सुरक्षाविज्ञसमेत रहेका गेजा शर्मा वाग्ले निर्माणको काम दिएर सेनालाई अल्झाउनु पूरै गलत भएको बताउँछन् । यसलाई उनले अस्वाभाविक भनेका छन् । 'सरकारले सेनालाई सेनाकै भूमिकामा राख्नुपर्छ । ठेकेदार बनाउन मिल्दैन,' उनले भने, 'यस्तो विवादास्पद विषयमा सरकारले जिम्मेवारी दिनु र सेनाले लिनु दुवै उपयुक्त हुँदैन ।'

उसो त संविधानमै सेनालाई विकास निर्माणको काममा पनि लगाउने उल्लेख छ । नेपालको संविधान, २०७२ को धारा २६७ को उपधारा ४ को प्रावधानले सेना ठेकेदारको भूमिकामा देख्न पाउने अवस्थालाई खुला गरेको छ । त्यहाँ भनिएको छ, 'नेपाल सरकारले नेपाली सेनालाई संघीय कानुनबमोजिम विकास निर्माण र विपद् व्यवस्थापनलगायतका अन्य कार्यमासमेत परिचालन गर्न सक्ने छ ।' संविधानको यही धारामा टेकेर सरकारले नेपाली सेनालाई विभिन्न काममा लगाउने गरेको छ । त्यही भएर सेनालाई ठेक्कापट्टाबाट हटाउने हो भने संविधानकै संशोधन गर्नुपर्ने देखिएको जानकारहरूले बताएका छन् ।

■■■

### विज्ञापन व्यवसायलाई ...

सम्बन्धन प्राप्त एजेन्सीसँग मात्र कारोबार गरिने तथा विज्ञापनको दररेटमा जथाभावी छुट नगरिने बुधबार जारी संयुक्त, विज्ञप्तिमा उल्लेख छ । 'यसले विज्ञापन दररेटमा जथाभावी चलिरहेको विकृतिलाई रोक्ने र स्वस्थ प्रतिस्पर्धासहित विज्ञापन व्यवसायी तथा सञ्चारमाध्यमहरूलाई थप व्यावसायिक बनाउन मद्दत गर्ने छ,' विज्ञप्तिमा उल्लेख छ ।

सरकारका कतिपय नीति जसले स्वास्थ्य, शिक्षा, बिमा क्षेत्रमा मिडियामा गरिने विज्ञापनमाथिको खर्चको सीमा तोक्ने, मदिरालगायत कतिपय क्षेत्रका बिज्ञापनमा प्रतिबन्ध लगाउने कार्यले करोडौं लगानीमा खुलेका र लाखौंलाई रोजगारी प्रदान गरिरहेका मिडियाहरू आर्थिकरूपमा धराशायी जस्तै बन्न पुगेका विज्ञप्तिमा जनाइएको छ ।

विज्ञापन एजेन्सीले मिडियासँग विज्ञापनसम्बन्धी कारोबार गर्नका लागि कारोबार गर्ने मिडिया वा सोसँग सम्बन्धित संघसंस्थाहरूबाट हरेक वर्ष 'नो अब्जेक्सन लेटर' लिनुपर्ने सम्झौतापत्रमा उल्लेख छ ।

'विज्ञापन एजेन्सीलाई दिएको १५ प्रतिशत कमिसन र मिडिया मार्केटिङ एजेन्सीले वाइंगको हकमा प्राप्त गर्ने अधिकतम थप सात प्रतिशत शुल्कबापतको रकमबाट विज्ञापनदातालाई छुट दिन पाइने छैन । त्यस्तो रकम एजेन्सी सञ्चालन, भौतिक पूर्वाधार तथा प्रविधि, स्तरोन्नति, मानव संसाधन, वृत्ति विकास तथा व्यावसायिक प्रतिफलका लागि प्रयोग गर्नुपर्ने छ,' सम्झौतापत्रमा भनिएको छ । मिडिया मार्केटिङ एजेन्सीले मिडियाको दररेटमा नै कारोबार गर्नुपर्ने र वाइंग एजेन्सीले दररेट स्वयं तय गर्नुपर्नेसमेत उल्लेख छ ।

■■■

### मलेसियामा गैर...

'मलेसियामा उपचार नहुने डाक्टरको सल्लाहअनुसार नेपाल फर्किनुपर्ने भयो,' उनले भने, 'कम्पनीले कुनै मतलब नै गरेन, उद्धारका लागि दूतावासमा सम्पर्क गरेपछि धेरै सहयोग पाइयो, घर फर्किन पाउँदा खुसी लागेको छ ।'

यादव र शाही मलेसिया पुगेर अवैध हुने र बिचल्लीमा पर्ने प्रतिनिधि पात्रमात्र भएको दूतावासले जनाएको छ । मलेसियामा गैरकानुनीरूपमा बसेका र काम गरिरहेका थुप्रै नेपाली रहेको दूतावासका श्रम काउन्सिलर भोलानाथ गुरागाईंले बताए । अहिले मलेसियाले आप्रवासी कामदारलाई घर फिर्ती कार्यक्रम सञ्चालन गरिरहेकाले त्यसको फाइदा नेपालीहरूले लिनसक्ने भन्दै समयमै स्वदेश फर्किने प्रक्रिया थाल्न पनि उनले आग्रह गरे । 'हामीले घर फिर्ती कार्यक्रमअन्तर्गत नै सम्पर्कमा आएका नेपालीहरूको उद्धार गर्ने र स्वदेश पठाउन सघाउने गरिरहेका छौं,' गुरागाईंले भने, 'मलेसिया सरकारले ल्याएको कार्यक्रम अवैधरूपमा बसेका कामदारहरूलाई घर फर्किन पाउने सुनौलो अवसर पनि हो ।' मलेसियाले अवैधरूपमा बसेका आप्रवासी कामदारहरूलाई स्वदेश फर्किन गत मार्च १ देखि २०२४ डिसेम्बर अन्तिमसम्मको समयसीमा तोकेको छ ।

■■■

### ठेक्कामा सेना...

सरकारले यी सडक निर्माण गर्न सेनालाई ७१ करोड रूपैयाँभन्दा बढी रकम उपलब्ध गराएको थियो । नेपाली सेनाका अनुसार हालसम्म सेनाले साढे तीन दर्जन सडकको ट्र्याक खोल्ने जिम्मेवारी पाएको छ । नेपाली सेनाका सहायक रथी (सूचना अधिकारी) गौरवकुमार केसीका अनुसार हालसम्म सेनाले एक हजार ४१२ किलोमिटरभन्दा बढी सडक निर्माण गरिसकेको छ । यो कार्य सम्पन्न गर्नका लागि सम्बन्धित निकायबाट सेनाले अर्बौं बजेट पाएको छ । हाल संसदमा छलफल भइरहेको रक्षा मन्त्रालयको बजेटमा पनि सेनालाई निर्माणको जिम्मा दिने भनिएको धेरै आयोजना छन् । यसले गर्दा पनि संसद्मा सेनाले पाउने भन्ने ठेक्काबारे प्रश्न उठेको हो । तर, सेनालाई विकास निर्माणको काम सुम्पिँदा भ्रष्टाचारका गतिविधि पनि सेनाभित्र बढ्न थालेको बताइएको छ ।

महालेखापरीक्षकको कार्यालयले प्रत्येक वर्ष आफ्नो प्रतिवेदनमा विकास निर्माणका कार्य गर्दा सेनाले गरेका अनियमिततालाई औंल्याउने गरेको छ । महालेखाको ६० औं वार्षिक प्रतिवेदनमा सेनाले बेनीघाट-आरुघाट-लार्के भञ्ज्याङ सडक आयोजनाका लागि बेलीब्रिज खरिद तथा जडान गर्दा अनियमितता भएको उल्लेख गरेको छ । काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनामा पनि सेनाले मन्त्रिपरिषद्बाट सुरुङ निर्माणको नर्म्स स्वीकृत नगराई खरिद बन्दोबस्त गरेको महालेखाको प्रतिवेदनमा भनिएको छ ।

■■■

### आइएलओको...

**श्रमाधान सम्मेलनमा श्रममन्त्री अर्यालको निम्तो**

जेनेभामा जारी अन्तर्राष्ट्रिय श्रम सम्मेलन (आइएलसी)को बैठकलाई सम्बोधन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले सन् २०२४ को अन्त्यतिर आयोजना गर्न लागिएको मन्त्रीस्तरीय श्रमाधान सम्मेलनमा सहाभगी हुन त्यहाँ उपस्थित सबैलाई निम्तो गरेका छन् । 'नेपाली श्रमिकको श्रमसम्बन्धी सबै खालका समस्या एकद्वार प्रणालीबाट समाधान गर्न श्रमाधान रोजगार योजना सुरु गरेको मन्त्री अर्यालले बताए । 'यसमा छलफल गर्न र सहकार्यका साथ एउटा रोडम्याप बनाउनका लागि तपाईंहरूलाई नेपालमा स्वागत गर्न चाहन्छु,' उनले भने ।

उक्त बैठकमा नेपाल सरकार श्रम स्वतन्त्रतासम्बन्धी महासन्धि ८७, श्रम निरीक्षणसम्बन्धी महासन्धि ८१ र जबरजस्ती श्रम महासन्धिको २०१४ प्रोटोकललाई अनुमोदन गर्नमा केन्द्रित रहेको मन्त्री अर्यालले जानकारी गराए । उनले मौलिक सिद्धान्त र काममा अधिकारसम्बन्धी संशोधित आइएलओ घोषणाप्रति सदस्य राष्ट्रको रूपमा नेपाल प्रतिबद्ध रहेको बताए ।

### यी हुन् सम्झौताका २२ बुँदा

३) विज्ञापन एजेन्सीले मिडियासँग विज्ञापनसम्बन्धी कारोबार गर्नका लागि कारोबार गर्ने मिडिया वा सोसँग सम्बन्धित संघसंस्थाहरूबाट हरेक वर्ष 'नो अब्जेक्सन लेटर' लिनुपर्ने छ ।

४) वार्षिक ५० लाख बराबरको कारोबार र कम्तीमा तीनवटा फरक-फरक विज्ञापनदातासँग बिल बिजक गरिसकेको विज्ञापन एजेन्सीलाई संस्थागतरूपमा विज्ञापनसम्बन्धी कारोबार गर्न योग्य भएको मानिने छ । व्यावसायिक विज्ञापन एजेन्सीको आव २०८१/८२ सम्ममा वार्षिक कारोबार एक करोड रूपैयाँ पुगेको हुनुपर्ने छ ।

५) विज्ञापनसम्बन्धी कारोबारको बिल बिजकबाट आम्दानी गर्ने मूलधारका सञ्चारमाध्यम तथा विज्ञापनलाई आम्दानीको स्रोत मान्ने मिडिया व्यवसायी (कार्यक्रम उत्पादक तथा मार्केटिङ कम्पनी, मिडिया बाइंग कम्पनी आदि)ले विज्ञापन बोर्डमा दर्ता भएको एजेन्सीहरूको सूची प्रकाशित वा प्रसारित गरी आफ्नो वेबसाइटमा राख्नुपर्ने छ ।

६) सम्बन्धन प्राप्त विज्ञापन एजेन्सीले विज्ञापनसम्बन्धी कारोबार गर्नका लागि सञ्चारमाध्यमको आफ्नो नीतिअनुसार बैंक ग्यारेन्टी वा नगद धरौटी राख्नुपर्ने छ ।

७) मूलधारका सञ्चारमाध्यम तथा कुनै पनि सञ्चारमाध्यमले विज्ञापन बोर्डमा दर्ता भएका नेपाल विज्ञापन संघ (आन) वा राष्ट्रिय विज्ञापन संघ नेपाल (नान) सँग आबद्ध एजेन्सीसँग मात्र कारोबार गर्नुपर्ने छ । त्यस्तै, एजेन्सीहरूले पनि मूलधारका मिडियासँग काम गर्दा नेपाल मिडिया सोसाइटी र मिडिया एलायन्स नेपालसँग आबद्ध मिडियासँग मात्र विज्ञापनसम्बन्धी कारोबार गर्नुपर्ने छ ।

८) छापा माध्यमहरूमा प्रतिकोलम प्रति सेमि रु ५००।- (पाँच सय रूपैयाँ), टेलिभिजनहरूमा रु १०००।- (एक हजार रूपैयाँ) प्रतिमिनेट न्यूनतम दर कायम हुने छ । मिडियाहरूले कुनै पनि स्किम चलाउँदा विज्ञापनको न्यूनतम दररेटभन्दा कम गर्न मिल्ने छैन । यदि कुनै मिडियाले उल्लिखित दरभन्दा न्यूनतम दरमा विज्ञापनसम्बन्धी कारोबार गरेमा उक्त मिडियालाई तीन महिनाका लागि विज्ञापनसम्बन्धी कारोबार गर्नबाट निलम्बन गरिने छ ।

९) विज्ञापन एजेन्सीले क्रियटिभ कन्सेप्ट डिजाइनबापत शुल्क वार्षिक न्यूनतम रु ६,००,०००।- (छ लाख रूपैयाँ) वा प्रत्येक क्रियटिभ कन्सेप्टबापत न्यूनतम रु ५,०००।- (पाँच हजार रूपैयाँ) शुल्कभन्दा कम शुल्क लिन पाइने छैन ।

१०). विज्ञापन एजेन्सीलाई दिएको १५ प्रतिशत कमिसन र मिडिया मार्केटिङ एजेन्सीले वाइंगको हकमा प्राप्त गर्ने अधिकतम थप सात प्रतिशत शुल्कबापतको रकमबाट विज्ञापनदातालाई छुट दिन पाइने छैन । त्यस्तो रकम एजेन्सी सञ्चालन, भौतिक पूर्वाधार तथा प्रविधि, स्तर उन्नति, मानव संसाधन, वृत्ति विकास तथा व्यावसायिक प्रतिफलका लागि प्रयोग गर्नुपर्ने छ। मिडिया मार्केटिङ एजेन्सीले मिडियाको दररेटमा नै कारोबार गर्नुपर्ने र वाइंग एजेन्सीले दररेट स्वयं तय गर्नुपर्ने छ ।

११) यस सम्झौतामा आबद्ध भएका सञ्चारमाध्यमले विज्ञापनसम्बन्धी कारोबार गर्न आफ्नो दररेट सञ्चारमाध्यममा प्रकाशन तथा प्रसारण गर्नुपर्ने छ र आफ्नो वेबसाइटमा राख्ने तथा विज्ञापन बोर्डलाई जानकारी गराउनुपर्ने छ ।

१२) विज्ञापनको दररेट सार्वजनिक गर्दा छुटको प्रकृति (कर्पोरेट, फ्रिक्वेन्सी, सरकारी-गैरसरकारी आदि) तथा चारपक्षीय सम्झौता गरेमा पनि न्यूनतम दररेट यस सम्झौताको बुँदा नम्बर (ख) (२) बमोजिमको खुलाउनुपर्ने छ ।

१३) कुनै पनि समय तथा परिस्थितिमा सञ्चारमाध्यमले दररेट स्किम चलाउन चाहेमा त्यसको दररेटसमेत सार्वजनिक गर्नुपर्ने छ । तर न्यूनतम दररेटभन्दा कमी गर्न पाइने छैन ।

१४) बिल बिजक प्राप्त गरेको दिनबाट विज्ञापनदाताले एजेन्सीलाई ३० दिनभित्रै भुक्तानी गर्नुपर्ने छ भने एजेन्सीहरूले ६० दिनभित्र सञ्चारमाध्यमलाई भुक्तानी गरिसक्नुपर्ने छ । एजेन्सीले ६० दिनभित्र पनि भुक्तानी नगरेमा विज्ञापन प्रकाशन भएको मितिदेखि नै गणना हुनेगरी वार्षिक १५ प्रतिशतका दरले ब्याजसहित बक्यौता रकम चुक्ता गर्नुपर्ने छ ।

१५) सञ्चारमाध्यमले जारी गरेको बिल बिजकमा उल्लिखित रकम सम्झौताअनुसार नभई एजेन्सी र सञ्चारमाध्यम आफैं मिलेमतो गरी भुक्तानी लिएमा एजेन्सी र सञ्चारमाध्यम दुवैलाई कारबाही हुने छ ।

१६) विज्ञापनदाताले एजेन्सी र एजेन्सीले विज्ञापनदातासँग गरेको कारोबार छाड्न चाहेमा सम्पूर्ण बक्यौता रकम विज्ञापनदाताले एजेन्सीलाई ३० दिनभित्र भुक्तानी गर्नुपर्ने छ । यदि ३० दिनभित्र पनि भुक्तानी नभएमा नेपाल विज्ञापन संघ (आन), राष्ट्रिय विज्ञापन संघ नेपाल (नान) ले सो विज्ञापनदातासँगको कारोवार रोक्न परिपत्र गर्नुपर्ने छ र सो परिपत्रलाई एजेन्सी तथा मिडियाले पालना गर्नुपर्ने छ । नयाँ कारोबार गर्ने एजेन्सी र मिडियाले उक्त विज्ञापनदातासँग हुने सम्पूर्ण कारोबार रोक्नुपर्ने छ ।

१७) कुनै पनि विज्ञापन गर्दा कारोबारको बिल बिजकमा सम्बन्धित विज्ञापनदाता, एजेन्सी तथा रिलिज एजेन्सीको नाम प्रस्ट खुल्नेगरी लेख्नुपर्ने छ ।

१८) विज्ञापन बजारलाई पारदर्शी बनाउन सञ्चारमाध्यमको लोकप्रियता, विषयवस्तुको गाम्भीर्यताका आधारमा स्तर निर्धारण गरी सोही आधारमा दररेट कायम गर्न लगाई निर्धारित दररेटमा कारोबार गर्ने व्यवस्था मिलाउने ।

१९) मूलधारका सञ्चारमाध्यमले कुनै पनि विज्ञापनदातासँग विज्ञापनको कारोबार सीधै गर्न पाइने छैन । इभेन्टको हकमा भने सञ्चारमाध्यमले विज्ञापनदातासँग सीधै कारोबार गर्न पाउने छ ।

२०) सञ्चारमाध्यमहरूले आफ्नो प्रवर्द्धनका लागि गरिने इभेन्ट, सभा, सेमिनार, बार्टर आदिमा भएका प्रायोजकहरूको कर्पोरेट विज्ञापन फ्री स्पटको नाउँमा प्रकाशन तथा प्रसारण गराउन पाइने छैन । साथै बार्टरसम्बन्धी विज्ञापनमा एजेन्सीमार्फत आउनुपर्ने हुन्छ र सोको आधिकारिक एजेन्सीलाई १५ प्रतिशत सेवा शुल्क दिनुपर्ने हुन्छ । तर, आन्तरिक सेवाहरू जस्तैः ढुवानी, इन्टरनेटजस्ता सेवाहरूका हकमा भने बार्टरमा विज्ञापनबापत एजेन्सीलाई सेवा शुल्क दिनु पर्दैन ।

२१) कुनै पनि विज्ञापन एजेन्सी र सञ्चारमाध्यमहरूको पुरानो हरहिसाब नमिलेको भए २०८१ पुस मसान्तसम्म मिलाइसक्नुपर्ने छ भने नयाँ विज्ञापनको हकमा २०८१ साउन १ गतेबाट यो सम्झौताबमोजिम कार्य पालना गर्नुपर्ने छ ।

२२) सञ्चारमाध्यमको कुनै विज्ञापनदातासँग न्यूनतम दररेटभन्दा कममा सम्झौता भइरहेको छ भने उक्त सम्झौता २०८१ पुस मसान्तभित्र खारेज गर्नुपर्ने छ । यो सम्झौता लागू हुनुअगावै कुनै पनि विज्ञापनको सम्झौता गरेको भए त्यसको प्रमाण सम्बन्धित कमिटीलाई पेस गर्नुपर्ने छ ।


**कर्मचारी नियुक्ति सम्बन्धी सूचना**

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न श्रम इजाजत प्राप्त २०८१/०१/०१ को यस **Saad Overseas Pvt. Ltd.** ले वैदेशिक रोजगार विभागको स्वीकृतिमा तपसिल बमोजिमका उल्लेखित नाम, थर र ठेगाना भएका कर्मचारीहरु नियुक्त गरिएको जानकारी गराइन्छ ।

तपसिल

| Name | Contact | Post |
|---|---|---|
| Sabita Kc Godar | 9849770010 | Gen. Manager |
| Prakash Godar | 9841881185 | HR Manager |
| Nurul Hoda Sekh | 9818897658 | PRO |
| Dhananjay Mishra | 9809151471 | Office Secretary |
| Manika Thapa Magar | 9810831452 | Documentation Officer |
| Khim Bahadur Gurung | 9769763885 | Documentation Officer |
| Chandrakala Shiwa | 9824055246 | Receptionist |
| Sharda Basnet | 9841571522 | Kitchen Depart |
| Anantram Bhandari | 9801026427 | PRO |

**SAAD OVERSEAS PVT.LT**
श्रम इजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUD HAMAD BIN MANEA & SONS CONTRACTING & TRANSPORTATION OF PETROLEUM PRODUCTS CO LTD
पूर्व स्वीकृति मिति २०८१/०२/२९ LT. No. 306325 चलानी नं. ६०२२९०८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MIRAMAR AL AQAH BEACH RESORT
पूर्व स्वीकृति मिति २०८०/०८/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ LT. No. 296266 चलानी नं. ६०२११३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 5 | 0 | 1400 | ५०,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 5 | 5 | 1900 | ६९,०४० | | | | | | | |
| 3 | Mini Bar Attendent | 5 | 0 | 1000 | ३६,३३५ | | | | | | | |
| 4 | Room Attendant | 15 | 15 | 1000 | ३६,३३५ | | | | | | | |
| 5 | Waiter/waitress | 15 | 15 | 1200 | ४३,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORGANO RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति : २०८१/०२/३० LT. No. 306298 चलानी नं. ६०२२१०२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1400 | ४९,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,६५५ | | | | | | | |

कम्पनी : AL-HALA EXPERTS COMPANY FOR PROVIDING MEALS
पूर्व स्वीकृति मिति : २०८१/०२/३० LT. No. 306299 चलानी नं. ६०२२१०२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweets Maker | 1 | 0 | 1500 | ५३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BASHMA TRADING CONTRACTING LTD
पूर्व स्वीकृति मिति : २०८१/०२/३० LT. No. 306292 चलानी नं. ६०२२१०२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 15 | 0 | 1800 | ६४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TESLA OVERSEAS PVT.LTD.** Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WAKE UP CLEANING AND HOSPITALITY SERVICES
पूर्व स्वीकृति मिति २०८१/०२/२९ LT. No. 306282 चलानी नं. ६०२२१०१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 0 | 2 | 1500 | ५४,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1700 | ६२,३३० | | | | | | | |
| 3 | General Clean Worker | 3 | 3 | 1000 | ३६,६६५ | | | | | | | |
| 4 | Waiter | 0 | 2 | 1400 | ५१,३३० | | | | | | | |

कम्पनी : X TRADING AND SERVICES
पूर्व स्वीकृति मिति २०८१/०२/२९ LT. No. 306283 चलानी नं. ६०२२१०१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 4 | 1000 | ३६,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

# मनाइयो सिथि नखः र कुमार जयन्ती पर्व



**भक्तपुर–** जेठ शुक्लपक्ष षष्ठी तिथि अर्थात् कुमार षष्ठीका दिन बुधबार भक्तपुरसँगै काठमाडौं उपत्यकालगायत क्षेत्रका नेवार समुदायले सिथि नखः पर्व भव्यरूपमा मनाएका छन् । यो पर्वसँगै वर्षा सुरु हुने र किसानले वर्षाको महत्त्वपूर्ण कार्य धान रोपाइँ (स्थानीय भाषामा ज्याः) सुरु हुने भएकाले यस चाडलाई वर्षाअघिको अन्तिम चाडकारूपमा मनाइन्छ ।

सिथि नखःमा विशेषगरी पानीको मुहान, इनार, कुवा, पोखरी, धारालगायत पानीको स्रोत वरपर सरसफाइ गरिएको छ । वर्षाको पानी बगेर आउने भेल र फोहोर खानेपानीको मुहानमा मिसिएर दूषित नहोस् भनी पानीको मुहान एवं स्रोतको वरिपरि सरसफाइ गरी निकास खोल्नु यो पर्वको विशेषता रहेको इतिहासविद् एवं संस्कृतिविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले बताए । उनका अनुसार हिँउदमा पुरिएको, थुनिएको र सुकेको पानीको मूललाई वर्षात्को पानीले फुटाउने भएकाले पनि सिथि नखःको दिन पानीको मुल सफाइ गर्ने परम्परा वर्षौंदेखि रहँदै आएको हो ।

नेवार समुदायमा सिथि नखः महत्त्वपूर्ण पर्वको रूपमा मनाउने गर्दछन् । जात्रा पर्व सबै थाँती राखेर अन्न उत्पादनका लागि किसानलाई मानसिक र शारीरिकरूपले तयार पार्ने चाडको रूपमा सिथि नखःको विशेषता रहेको संस्कृतिविद् प्रा.डा. श्रेष्ठले बताए । उनका अनुसार सिथि नखः महादेव पार्वतीका जेठ सुपुत्र कुमारको जन्म दिन हो । देवीदेवतामध्ये सबैभन्दा पहिला पूजा गरिने कुमारको पूजा आराधना गर्नाले वर्षात्को बेला धान रोपाइँलगायत कृषि कार्य गर्न शरीरमा बल र शक्ति प्राप्त हुने विश्वासका साथ यो पर्व मनाउने गरिएको हो । तसर्थ यस दिन भगवान् कुमारको जन्मदिनका रूपमा कुमार पूजा गर्ने प्रचलन छ ।

यस दिन पानीको मुहान एवं स्रोत सफा गरेर मास, मुगी, केराउलगायतका दलहनबाट बनेका विशेष प्रकारको पकवान वः अर्थात 'बारा' चढाउने र खाने प्रचलन रहेको छ । घरमा भर्खर भित्रिएको नयाँ गहुँको 'म्हुछ्यामढी' (मुट्ठी पारी बनाइएको विशेष खालको रोटी) समेत खाने गरिन्छ । वर्षात्को झरीमा रुझेर, हिलो माटोसँग पौंठेजोरी खेल्दै गरिने धान रोपाइँलाई अन्य खेतीपातीमा भन्दा बढी शक्ति र मेहनत आवश्यक पर्ने भएकाले नेवार समुदायले सिथि नखःको दिन चामलको पिठोबाट बनाइएका विशेष प्रकारका रोटी, चटामरी, पापड, गहुँको मालपुवालगायत पकवान खाने गरेका संस्कृतिविद् राजकुमार जोशीले बताए ।

यस दिन शुद्ध भई नवदुर्गा भवानी र शक्तिपीठमा पूजा गरी नयाँ गहुँबाट तयार गरिएका परिकार चढाउनाले गहुँ उत्पादनमा वृद्धि हुनुका साथै वर्षा फाप्ने तथा घरपरिवारमा सुख शान्ति हुने जनविश्वास पनि रहेको उनको भनाइ छ । सिथि नखः का दिन माटोलाई चोट पुऱ्याउन नहुने मान्यता रहेकाले किसानले यस दिन खेतबारीमा काम गर्दैनन् ।

यस दिन दिगुपूजा (देवाली) को अन्तिम दिन मानिन्छ । बुधबार काठमाडौंको जैसिदेवलमा सिद्धिकुमार र भक्तपुरको थिमीमा सिथिनःख द्यःको पूजा गरिएको छ । त्यस्तै भक्तपुर-५, भगवतीस्थानमा अवस्थित चण्डि भगवतीको पूजाआजाका साथै जात्रा मनाइएको छ । *रासस*

## जोशीपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदुरपश्चिम प्रदेश ,नेपाल

## प्राबिधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०२/३१)

यस कार्यालयबाट मिति २०८१/०१/२४ को प्रभाव दैनिक राष्ट्रिय पत्रिका तथा PPMO को E–Procurement Portal मा प्रकाशित ठेक्का नं. 7/JRM/NCB/WORKS/2080/081 (Construction of Cold Store at Ward No.1, Joshipur Rural Municipality Kailali) को बोलपत्र आह्वान सम्बन्धि सुचना अनुसार रितपुर्बक दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमका बोलापत्रहरूको प्राबिधिक प्रस्ताव मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलापत्रहरू सारभूतरूपमा प्रभाबग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम, सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) ५ बमोजिम तपशिल बमोजिमको मिति समय र स्थानमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राबिधिक प्रस्ताव स्वीकृतिको लागि छनौट भएको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि. नं. | छनौट भएको बोलपत्र दाता | ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|
| १ | Name : Dhachha Nirman Sewa | Balaju-16 Kathmandu | मिति : २०८१/०३/०६ गते<br>समय : दिउँसो २ बजे<br>स्थान : जोशीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय जोशीपुर,कैलाली |
| २ | Name : Shuvashree - Three A Joint Venture | Kritipur-01,Tanglaphat Kathmandu | |

**प्रमुख प्रशासकीय अधिकृत**

## सोलुदुधकुण्ड नगरपालिका
ཤར་ཁུམ་རི་རྒྱལ་མའི་མཆོད་རྟེན་སྐྱིད་སྡུག་ལས་ཁང་།
### नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

## सोलुदुधकुण्ड नगरपालिकाको बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०२/३१)

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यहरु विद्युतीय बोलपत्रको माध्यमबाट सम्पन्न गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक फर्महरुबाट रितपूर्वकको बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | विवरण | विडवण्ड बापतको रकम | बोलपत्र दस्तुर | बोलपत्र खरीद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|
| 07-NCB-SDM-2080/81 | वडा नं. १ को प्रशासनिक भवन निर्माण, लागत अनुमान रू.१,७२,३१,९८२।५१ (भ्याट र कन्टेन्जेन्सी बाहेक) | ५,००,०००।- | ३०००।०० | सूचना प्रकाशित मितिले ३१ औं दिनको दिउँसोको १२:०० सम्म | ३१ औं दिनको ठीक १२:०० बजेसम्म । | ३१औं दिनको दिउँसो २:०० बजे |
| 08-NCB-SDM-2080/81 | वडा नं. ८ को प्रशासनिक भवन निर्माण, लागत अनुमान रू.१,७०,२३,८५७।४७ (भ्याट र कन्टेन्जेन्सी बाहेक) | ५,००,०००।- | ३०००।०० | सूचना प्रकाशित मितिले ३१ औं दिनको दिउँसोको १२:०० सम्म | ३१ औं दिनको ठीक १२:०० बजेसम्म | ३१औं दिनको दिउँसो २:०० बजे |
| 09-NCB-SDM-2080/81 | वडा नं. १० को प्रशासनिक भवन निर्माण, लागत अनुमान रू.१,७१,१८,२५०।१४ (भ्याट र कन्टेन्जेन्सी बाहेक) | ५,००,०००।- | ३०००।०० | सूचना प्रकाशित मितिले ३१ औं दिनको दिउँसोको १२:०० सम्म | ३१ औं दिनको ठीक १२:०० बजेसम्म | ३१औं दिनको दिउँसो २:०० बजे |

- बोलपत्र साथ व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत र आ.व. ०७९/०८० को कर चुक्ता पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । उक्त आ.व.को कर चुक्ता नभए म्याद थप भएको प्रमाण सलग्न गर्नु पर्नेछ ।
- बैंक जमानत बापतको रकम श्री राष्ट्रिय वाणिज्य बैंक सल्लेरी सोलुखुम्बुमा रहेको सोलुदुधकुण्ड नगरपालिकाको धरौटी खाता नं २०२०१००३०३००००५ मा नगद दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको १२० दिनको म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।
- बोलपत्र खरिदका लागि यस कार्यालयको राजश्व खाता नं. २०२०१००३०१०१०००५ मा राजश्व शिर्षक नं. १४२१९ मा जम्मा गर्नु पर्नेछ ।
- बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट ।
- वोलपत्र सम्बन्धी अन्य विस्तृत कुराहरु बुझ्न परेमा यस कार्यालयको फोन नं ०३८-५२०२६४ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.bolpatra.gov.np वा यस कार्यालयको वेभ साइट www.solududhkundamun.gov.np मा हेर्न सकिनेछ ।

## मोटरसाइकल हराएको सूचना

राम बहादुर गोलेको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८१।०२।२२ गते टुडीखेल (धरहरा अगाडी) देखि साझ ९:३० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar 150 SD
बाई नं. BA Pra 02, 049PA4183
चेसिस नं. MD2A11CX9RPL52041
इन्जिन नं. DHXPRL57263
रङ्ग – SPARKLE MET BLK RED
सम्पर्क – 9746809183

## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०२/२५ गते जि. सर्लाही, हरिपुर न.पा. २ स्थित Yamaha F25- FR&RR 149 CC, Navy blue रंगको मोटरसाइकल, लखन्देही खोलाको झुलुङ्गे पुलबाट तीन जना अज्ञात व्यक्तिहरूले खोसेर लगेको हुँदा देख्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

धनीको नाम : हिरोहित चौधरी
च्यासिस नं.: ME9RG4456N0091757
इन्जिन नं. : G3J3E0580981
ठेगाना: जि.रौतहट, गुजरा न.पा. ९
सम्पर्क: ९८५५०४१५५३


## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : **ALWALSHIN STAR HOSPITALITY SERVICES**
पुर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३० | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 95 | 900 | ३२,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manager | 2 | 4 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 95 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**
पुर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३० | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 65 | 900 | ३२,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**
पुर्व स्वीकृति मिति २०७९/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३० | LT. No. 271028 | चलानी नं. ६०१८६८१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 20 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Event Planner | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Manager | 0 | 3 | 3000 | १०८,२०५ | | | | | | | |
| 5 | Marketing Specialist | 5 | 30 | 1200 | ४२,७५० | | | | | | | |
| 6 | Waiter | 5 | 20 | 1000 | ३६,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BLUE JET SECURITY GUARD & CLEANING SERVICES**
पूर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 306267 | चलानी नं. ६०२२१०२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 900 | ३२,७७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard | 10 | 0 | 1500 | ५४,६१५ | | | | | | | |

कम्पनी : **SILVER FALCON TECHNICAL SERVICES LLC**
पूर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 306266 | चलानी नं. ६०२२१०१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 6 | 0 | 1200 | ४३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४३,६९५ | | | | | | | |
| 3 | Filling Clerk | 2 | 0 | 1500 | ५४,६१५ | | | | | | | |
| 4 | Plumber | 5 | 0 | 1200 | ४३,६९५ | | | | | | | |
| 5 | Steel Fixer | 5 | 0 | 1200 | ४३,६९५ | | | | | | | |
| 6 | Telecommunication Assistant | 1 | 0 | 1500 | ५४,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ र ७ गते (20 & 21 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
Mob: 9804816174, 9801041128, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JUST SET LADIES BEAUTY SALON COMPANY**
पुर्व स्वीकृति मिति २०७९/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३० | LT No :282987 | चलानी नं. ६०२२१०१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art/hair Deresser/manicurist/padicurist/salon | 0 | 17 | 140 | ६१,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

कम्पनी : **DROP RESTAURANT LLC**
पुर्व स्वीकृति मिति २०८०/०६/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३० | LT No :293145 | चलानी नं. ६०२०८३३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA (COFFEE MAKER) | 10 | 10 | 130 | ५५,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABSOLUTE LADIES BEAUTY SALON COMPANY**
पूर्व स्वीकृति मिति २०८१/०२/३० | LT. No. 306256 | चलानी नं. ६०२२०४९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 2 | 150 | ६५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

कम्पनी : **ABU JABARA FOOD COMPANY**
पूर्व स्वीकृति मिति २०८१/०२/३० | LT. No. 306374 | चलानी नं. ६०२१४९५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३५,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सेनालाई विवादित भूमिकाबाट अलग राख

**नेपाली सेना गौरव बोकेको संस्था हो । मुलुकका अधिकांश निकाय विवादित र अस्थिर भइरहँदा सेना त्यस्तो एक मात्र संस्था हो जसले आफ्नो अस्तित्व बचाइराखेको छ । राज्यको रक्षा गर्ने दायित्व बोकेको सेनालाई केही वर्षयता जबरजस्त विवादमा तान्ने प्रयास भइरहेको छ । सेनालाई आफ्नो भूमिकामा सीमित नराखी विभिन्न कार्यमा प्रयोग गरिँदा विवादमा तानिँदै आएको छ । यस्तै विवाद अहिले उठिरहेको छ । जुन बुधबार संघीय संसद्मा बहसको विषय बन्यो । सांसदहरूले सेनाको भूमिकालाई लिएर गम्भीर प्रश्न उठाए ।**

**नेपाली सेनाको भूमिकामा प्रश्न उठ्नुको कारण हो, सरकारले ठेक्कापट्टाको काम सेनालाई दिनु । राष्ट्रिय गौरवका विभिन्न परियोजनाहरूको ठेक्का सेनालाई दिएको छ । सेनाले पनि ती आयोजनाका विभिन्न काममा फेरि ठेक्का लगाएको छ । सेनालाई दिएको काम फेरि घुमिफिरि ठेकेदारकै हातमा पुऱ्याइएकोप्रति सांसदहरूले प्रश्न उठाए । जुन प्रश्न जायज छ । ठेकेदारलाई नै लगाउने हो भने सेनालाई किन दिनु ?**

**विशेषगरी काठमाडौं–तराई/मधेस द्रुतमार्ग निर्माणको जिम्मा पाएको नेपाली सेनाले यस मार्गका विभिन्न खण्डको काम ठेक्कामा लगाएपछि सांसदहरूले प्रश्न उठाएका हुन् । त्यसो त द्रुतमार्गको जिम्मेवारी दिने बेलादेखि नै यो विषयलाई लिएर सेना र सरकारको आलोचना हुँदै आएको छ । सेनालाई ठेक्कापट्टाको काममा लगाउन नहुने तर्कको पछाडि विभिन्न तथ्यहरू छन् । मुख्य त सेनाको काम नै होइन यो । यद्यपि, सरकारले विकास निर्माणको काममा सेनालाई लगाउन सक्ने व्यवस्था संविधानमै छ । तर, त्यसको अर्थ ठेक्कापट्टामा लगाउने भन्ने बुझाइ गलत हुनसक्छ । यसबारे थप प्रस्ट गर्नुपर्ने देखिन्छ । अर्को सेनाभित्र पछिल्लो समय भ्रष्टाचर मौलाउँदै गएका तथ्यहरू बाहिर आइरहेका छन् । यसको मुख्य कारण ठेक्कापट्टा नै हो भन्नेमा दुईमत नहोला । सेनाभित्रको भ्रष्टाचारबारे अनुसन्धान गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई समेत छैन । जसकारण सो विकृति नियन्त्रणबाहिर रहेको छ ।**

**सांसदहरूले सेनालाई 'ठेकेदार' बनाउनु गलत र जोखिमपूर्ण भनेका छन् । वर्तमान व्यवस्थामाथिकै खतराको रूपमासमेत उनीहरूले चित्रित गरेका छन् । यसरी ठेक्कापट्टाको विषयलाई लिएर सेना फेरि विवादमा तानिएको छ । यो राम्रो होइन । यो विवाद तत्काल टुंग्याउनतर्फ सरकार र सरोकारवाला सबैको ध्यान जानुपर्छ । सेनालाई व्यवसाय गर्ने संस्था नभई पूर्ण व्यावसायिक सेना बनाउन जरुरी छ । नेपाली सेना आफैंले पनि आफ्नो राष्ट्रिय दायित्व सम्हाल्दै ठेक्कापट्टाको कामबाट बाहिरिनुपर्छ ।**

## मननयोग्य

### चाणक्य नीति


राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

# महामारीका रूपमा फैलिँदै छ तनाव



■ एलपि भानु शर्मा

> आज हरेक व्यक्ति कुनै न कुनै तनावबाट ग्रस्त छ । तनावको मूल कारण जीवनमा जुन परिवर्तन आएको छ, त्यसलाई आत्मसात् गर्न नसक्नु हो । समय क्षणक्षणमा बदलिएको छ तर हामी पुरानो सोच र आग्रहबाट ग्रसित छौं । जसले गर्दा तनाव सिर्जना हुने गर्दछ । मानव जीवनको मूल लक्ष्य भनेकै खुसी हुनु हो । खुसी हुन नसक्नु तनावमा जानु हो । धेरै डिजिटल उपकरणहरूको प्रयोग गर्नु, निरन्तर रक्सी पिउनु, धेरै क्याफिन उपभोग गर्नुले पनि मानिसको जीवनमा थप तनाव ल्याउने गर्दछ । अर्को कुरा मानिसले समयको सही सदुपयोग गर्न नसक्दा पनि तनाव सिर्जना हुने गर्दछ ।

विश्वका अनेक प्राणीहरूमध्ये मानव जाति चेतनशील र सामाजिक प्राणी भए पनि यसभित्र उत्पन्न हुने तनावले सबैभन्दा बढी समस्याग्रस्त बन्दै गएको छ । तनावले मानसिक स्वास्थ्यसँगै शारीरिक स्वास्थ्यमा पनि निकै असर गर्दछ । समयमा तनाव व्यवस्थापन नगर्नाले हाम्रा दैनिक जीवनमा धेरै असहज अवस्था आउन सक्छ । तनाव विश्वकै ठूलो महामारीका रूपमा लिने गरिएको छ । मानिसलाई जस्तोसुकै रोगहरू पनि लाग्न सक्छ, त्यसको समयमै उपचार हुन सके निको पनि हुन्छ तर तनाव आएपछि सजिलैसँग त्यसबाट मुक्ति पाउन सकिँदैन ।

विश्व स्वास्थ्य संगठनले तनावलाई जटिल स्वास्थ्य समस्याका रूपमा लिएको छ । तनावमा रहेको व्यक्तिले न राम्ररी सोच्न सक्छ, न बोल्न नै । यसका कारण उसको अरू व्यक्तिसँगको सम्बन्ध पनि बिग्रँदै जान्छ । त्यसैले अहिले मानिसको सबैभन्दा ठूलो समस्या भनेकै तनाव हो । मानिसको शरीरमा लाग्ने रोगको ७० देखि ९० प्रतिशत रोगहरू तनावकै कारण लाग्ने गर्दछ । तनावकै कारण स-साना व्यक्तिगत समस्यादेखि विश्वमा ठूलाठूला युद्ध, आतंकवादी घटनाहरू हुने गरेका छन् । तनावको समस्या पहिल्याउनु नै अहिलेको मुख्य चुनौती बनेको छ ।

पश्चिमा देशहरूले तनाव व्यवस्थापनका लागि थुप्रै कार्यक्रम ल्याएका छन् । अमेरिकामा कुनै एउटै संस्थाले ४० वर्षको बजेट बराबर खर्च गर्ने नभएर कूल तनाव व्यवस्थापनमा निजी क्षेत्रले गर्ने रकम नेपालको बजेटको ४० गुणाभन्दा बढी हुन्छ तर परिणाम शून्य छ । त्यसैले तनाव व्यवस्थापन खर्चिलो मात्र नभई समस्याको निदान नहुने भएकाले यसबाट पहिले नै सतर्क हुन आवश्यक छ । मानिसले आफ्नो दैनिक बानीमा केही परिवर्तन गर्नाले तनाव कम गर्न मद्दत पुग्न सक्छ ।

#### तनावका मुख्य कारण

आज हरेक व्यक्ति कुनै न कुनै तनावबाट ग्रस्त छ । तनावको मूल कारण जीवनमा जुन परिवर्तन आएको छ, त्यसलाई आत्मसात् गर्न नसक्नु हो । समय क्षणक्षणमा बदलिएको छ तर हामी पुरानो सोच र आग्रहबाट ग्रसित छौं । जसले गर्दा तनाव सिर्जना हुने गर्दछ । मानव जीवनको मूल लक्ष्य भनेकै खुसी हुनु हो । खुसी हुन नसक्नु तनावमा जानु हो ।

धेरै डिजिटल उपकरणहरूको प्रयोग गर्नु, निरन्तर रक्सी पिउनु, धेरै क्याफिन उपभोग गर्नुले पनि मानिसको जीवनमा थप तनाव ल्याउने गर्दछ । अर्को कुरा मानिसले समयको सही सदुपयोग गर्न नसक्दा पनि तनाव सिर्जना हुने गर्दछ । अर्काको इर्ष्याले पनि तनाव सिर्जना गर्दछ । मानिसमा इर्ष्या भावले गर्दा सम्बन्धमा दरार आउने गरेको छ । इर्ष्यामा अरुलाई दबाउन खोजिन्छ । अरुभन्दा धनी कसरी बन्ने, म नै राम्रो हुँ भन्ने भाव बढ्नु उपभोक्तावादी र प्रतिस्पर्धात्मक संस्कारको उपज हो ।

#### तनाव व्यवस्थापनका उपाय

तनाव व्यवस्थापन गर्ने एउटा राम्रो उपाय भनेको अध्यात्म हो । अध्यात्मलाई ध्यान र योगसँग जोड्न सकिन्छ । जीवनमा आएका चुनौतीहरूको समाधान गर्न सक्ने क्षमता घट्न गएमा तनाव हुने गर्दछ । जस्तो भनौं कि कुनै चुनौती हाम्रा अगाडि आयो, त्यसलाई १०० अंक दियौं । त्यो चुनौतीको सामना गर्न सक्ने हामीसँग ४० बराबरको क्षमता छ भने नपुग ६० अंक भनेको तनाव हो । त्यसैले ६० अंकलाई घटाउन हाम्रो क्षमतालाई बढाउँदै लैजानुपर्छ । जति मात्रामा बढाउँदै लैजान सकिन्छ तनाव त्यति नै घट्दै जान्छ । परिस्थितिलाई बदल्न सकिँदैन, तर मनस्थितिलाई बदल्न सकिन्छ । जीवनमा चुनौतीहरू आइरहन्छन्, त्यसलाई तनावका रूपमा लिने होइन, त्यसको समाधानका लागि हामीले हामीभित्र रहेको क्षमतालाई बढाउँदै लैजानुपर्छ । म गर्न सक्छु भन्ने आत्मविश्वास जागृत भएमा जस्तोसुकै चुनौती पनि सजिलै समाधान गर्न सकिन्छ । त्यसलै मानिसभित्र जीवनको बोध हुनुपर्छ । शरीर, मन र चेतनालाई दुरुस्त राख्नुपर्छ । शरीरलाई ऊर्जाशील र स्वस्थ बनाइराख्नुपर्छ ।

मानिसको शरीरमा इन्डोर्फिन रस नामक हर्मोन जन्मन्छ, यो जति बढी भयो, तनाव कम हुँदै जान्छ । हरेक दिन आधा घण्टामात्रै व्यायाम गऱ्यो भने पनि त्यस्तो हर्मोन बढ्न जान्छ र मानिस तनावमुक्त हुन्छ । त्यस्तै मनमा भएका तनाव हटाउन हरेक दिन गरिने प्राणायाम एउटा प्रभावकारी विधि हुनसक्छ । यसमा नमस्कार विधि निकै प्रभावकारी देखिएको छ । यो विधि हाम्रा ऋषिमुनिहरूले हजारौं वर्षदेखि अभ्यास गर्दै आएका छन् ।

यसैगरी ध्यानले पनि तनावलाई जरोदेखि नै उखेल्न मद्दत गर्दछ । त्यसबाहेक जीवनमा मैले जित्नैपर्छ भन्ने भावनालाई पनि त्याग्नुपर्छ । हारलाई सहजरूपमा स्वीकार गर्ने व्यक्ति सधैं तनावमुक्त रहन्छ । यसलाई हारले हराउन सक्दैन, बरु जित्नका लागि थप बद पुग्दछ । त्यसलै भनिन्छ नि, असफलता नै सफलताको सिँढी चढ्नु हो । किनकि हारले मन मष्तिस्कलाई कमजोर बनाउँदैन । जसरी कुनै खेलाडीले आज खेलमा पराजय भोग्नु परे पनि अरूको सफलतामा रमाउँछ र भोलि विजय हुने अठोट राख्छ ।


सम्बन्धमा जहिले पनि लिनु र दिनुभन्दा सकारात्मक सम्बन्ध बनाइराख्न जोड दिनुपर्छ । अरूलाई स्वीकार गर्ने व्यक्तिले मात्रै सम्बन्ध बनाउन सक्छ । आज हाम्रा कार्यालय, अफिसहरूमा यही सम्बन्धको अभाव रहेका कारण आपसमा द्वन्द्व, बेमेल र अविश्वास झाँगिदो छ । अहिले हरेक व्यक्ति वा कार्यालयका प्रमुखहरूले आर्थिक मन्दीलाई मुख्य समस्या देखाउने गरेका छन् । वास्तवमा त्यो भन्नु आफूले आफ्नो क्षमतालाई बढाउनेतर्फ बेवास्ता गर्नु हो । आफू र आफ्ना मातहतका कर्मचारीहरूलाई कम्तीमा तीन महिनामा एकपटक तनावमुक्त गर्ने तालिम दिन सकिएमा प्रतिफल राम्रो आउने छ । मानव संसाधनमा लगानी गर्नु भनेको क्षमतामा लगानी गर्नु हो । अब कार्यालयहरूमै ध्यान, प्राणायाम गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ । ध्यानले अल्पकालीन तनावबाट राहतका साथै दिगो तनाव व्यवस्थापनका फाइदाहरू ल्याउँछ भने योगले शारीरिक ध्यान, हल्का व्यायाम र नियन्त्रित श्वास फेर्ने प्रक्रियालाई संयोजन गर्छ । योगले तनावको दीर्घकालीन व्यवस्थापनमा सहयोग गर्छ । योगले विभिन्न प्रकारका शारीरिक, मनोवैज्ञानिक र आध्यात्मिक लाभहरू प्रदान गर्छ ।

त्यस्तै स्वस्थ आहारले लामो समयसम्म तनावसँग लड्न मद्दत गर्न सक्छ । काम गर्ने भनेको मानिसले हो, यसलाई नै स्वस्थ बनाउन सकिएन भने कुनै सकारात्मक परिणाम आउन सक्दैन । शारीरिक गतिविधि तनाव व्यवस्थापन र मानसिक स्वास्थ्य सुधार गर्नका लागि महत्त्वपूर्ण छ । तनाव व्यवस्थापन गर्न हिँड्ने, जिम जाने, पौडी खेल्ने जस्ता शारीरिक व्यायाम गर्न सकिन्छ । सवारीसाधन चढ्ने व्यक्तिले पनि सम्भव भएसम्म हप्तामा एक वा दुई दिनमात्रै भए पनि हिँडेर घर कार्यालय आउजाउ गरेमा घर वा कार्यालयको तनाव धेरै नै कम हुन सक्छ ।

समय व्यवस्थापन अर्थात् समयभित्र आफू व्यवस्थित रहनु भनेको समस्या आउन नदिनु हो । समय व्यवस्थापनका लागि हरेक दिन बिहान योजना बनाएर काम गर्नुपर्छ । योजनासँगै लक्ष्य राख्नुपर्छ भने आफ्नो काम सम्पन्न गर्नका लागि ध्यान दिनुपर्छ । कुनै गाह्रो काम भए त्यसलाई पन्छाएर नभई पहिले नै गरेर सक्नुपर्छ । अनावश्यक रूपमा समयलाई बर्बाद हुन दिनु हुन्न । समयको सदुपयोगले तनावलाई रोक्न मद्दत गर्छ । हरेक व्यक्ति ब्रह्माण्ड हो, यसको जन्म अरूलाई हराउन होइन, जिताउन सक्छु भन्नेमा यसको ध्यान जानु पर्दछ । आफूभित्रकै क्षमता जागृत गरी प्रत्येक व्यक्तिले प्रगति गर्न सक्छ । कसैसँग प्रतिस्पर्धा गरिरहनु नै पर्दैन । इर्ष्या, वैमनष्य नराखी आफ्नो क्षमता उपयोग गर्न सकिएमा तनाव स्वतः कम हुन्छ ।

*(जीवन विकास विशेषज्ञ शर्मासँग राससले गरेको कुराकानीमा आधारित)*

# 'वसन्त रितु' : समाज परिवर्तनमा जातीयता तगारो बन्न नहुने सन्देश



■ श्याम रिमाल


> उपन्यासका नायक वसन्त तथा नायिका रितु अर्कै गाउँ र सहरमा भौतारिरहेका हुन्छन् । विद्यालयको प्रतिभाशाली विद्यार्थी, शिक्षक हुँदै निर्माण व्यवसायी र पछि फेरि शिक्षक नै बनेका वसन्त सशस्त्र द्वन्द्वमा पनि सहभागी हुन्छन् र गिरफ्तार भए पनि भागेर बाहिरिन सफल भएको प्रसंग पनि कृतिमा देखाएर उपन्यासकारले नेपालको १० वर्षे एक कालखण्डलाई समेट्न सकेका छन् ।

गत फागुन महिना डा. पुरण राईले एकै चोटि आफ्ना पाँच कृति प्रकाशनमा ल्याए र फागुन १३ गते सबैको एकै पटक विमोचन पनि गराए । एकै समयमा एकै व्यक्तिले कथासंग्रह, नाटकसंग्रह, दैनिकी, अनुसन्धानात्मक र उपन्यास गरी फरक-फरक विधाका यति धेरै पुस्तक प्रकाशन गर्ने काम कृतिगत अभिलेखमै आउने काम हो र यो जो पायो उसले गर्न सक्दैन पनि ।

यसअघि पनि नेपाल एयरलाइन्स, त्रिभुवन विमानस्थल, काठमाडौंमा कार्यरत डा. राईका 'मेरो देशको भूगोल,' 'डायस्पोराः लाहुरे स्रस्टा र कविता' र 'ब्रिटिस गोर्खा सैनिक साहित्यको इतिहास' गरी कविता, समालोचना र इतिहाससम्बन्धी तीन कृति प्रकाशन भइसकेका छन् । अनलाइन अभिलेख प्रालि र पालिका अभिलेख प्रालि काठमाडौंद्वारा गत साल प्रकाशित 'आप्रवासी नेपाली कवितामा अलंकार विधान' कृति अलंकार विधानमा नै केन्द्रित भएर गहन अध्ययनका साथ तयार पारिएको पहिलो शोधप्रबन्ध मानिन्छ जुन नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि गर्दाको शोधमा आधारित छ ।

उनका अन्य कृतिमा 'अस्तु' कथासंग्रह, 'लासमाथिको मानवता' नाटकसंग्रह, 'डरका विम्बहरू' कोभिड डायरी र 'वसन्त रितु' उपन्यास हो । 'अस्तु' कथासंग्रहमा कोरोना भाइरस र अन्तरजातीय प्रेम तथा विवाहसम्बन्धी आठ कथा छन् । यसमा महामारी र अन्तरजातीय प्रेम तथा विवाहले सिधासोझालाई निम्त्याएको विपत्ति, शोषण, उजाडिएको गाउँ, वृद्धवृद्धा-केटाकेटी मात्र रहेको बस्ती आदि विषय आएका छन् । नाटकसंग्रह 'लासमाथिको...' मा रहेका चार नाटकले नेपाली समाज, सामाजिक मनोविज्ञान र सामाजिक यथार्थलाई विवेचना गरेको छ । समाजले निःसन्तानलाई हेय दृष्टिले हेर्ने गरेकाले सन्तानका लागि भाडामा कोख लिनुपर्ने बाध्यता र मातृत्वको वियोग, लाहुरे बन्नुपर्ने बाध्यता र त्यसमा पाएका दुःख, दलित महिलाले भोग्नुपरेको पीडा, अहिलेका युवाले बाबुआमालाई गर्ने अपमान र तिरस्कार जस्ता विषयवस्तु पनि यसमा अटाएको छ ।

'डरका...' कोभिडकालीन डायरी हो । त्यसमा वि.सं. २०७६-७८ सम्मका दैनिकी छन् । कोरोना महामारीको भयावहावस्थालाई समेटेर लेखकले एउटा दर्दनाक कालखण्डलाई यसमा अभिलेखीकरण गरेका छन् । यो खोटाङ, बुइपाबाट आएका एक हवाई उडानकर्मीले नजिकैबाट देखेका, जानेका र सुनेका घटनाको दस्तावेजीकरण पनि हो । समीक्ष्य कृति 'वसन्त रितु' उनको पहिलो उपन्यास हो । त्यसमा अन्तरजातीय




विवाह र त्यसपछि उत्पन्न घटना तथा समस्या केन्द्रमा छन् । राई वंशको केटो 'वसन्त' र ब्राह्मण कुलकी केटी 'रितु' बीच अन्तरजातीय विवाह भएकाले गाउँबाट सो जोडी भाग्न विवश हुन्छ । त्यसबाट केटाका घरमा केटीपक्षले आगो लगाउँछ, उसका बाआमा गाउँबाट खेदिन्छन् । अनि बाबुआमा र छोराबुहारीसमेतको परिवार अलगथलग हुन्छन् ।

उपन्यासका नायक वसन्त तथा नायिका रितु अर्कै गाउँ र सहरमा भौतारिरहेका हुन्छन् । विद्यालयको प्रतिभाशाली विद्यार्थी, शिक्षक हुँदै निर्माण व्यवसायी र पछि फेरि शिक्षक नै बनेका वसन्त सशस्त्र द्वन्द्वमा पनि सहभागी हुन्छन् र गिरफ्तार भए पनि भागेर बाहिरिन सफल भएको प्रसंग पनि कृतिमा देखाएर उपन्यासकारले नेपालको १० वर्षे एक कालखण्डलाई समेट्न सकेका छन् । वसन्त-रितुले आफ्नो सन्तानका रूपमा छोरी मौसम जन्मेपछि उनलाई चिकित्सक बनाउने अठोट लिएर रुसमा पढ्न पठाउँछन् । उनी नै स्वदेश आएर गाउँमा आयोजना गरिएको स्वास्थ्य शिविरमा सहभागी हुँदा अलग भएका परिवार-कुलकुटुम्बको भेट हुन्छ र परित्यक्त गाउँमा विशाल उद्यान र स्वास्थ्य केन्द्र खोल्ने योजना तथा काम हुन्छ ।

कथा सारांशमा यही भए पनि यसले ठूलो सन्देश दिएको छः नेपाललाई नै सबै जात र भाषाभाषी, संस्कृति, धनी-गरिबको साझा फूलबारी बनाउने । अन्तरजातीय प्रेम र विवाह गर्ने वसन्त र रितु तथा तिनकी चिकित्सक छोरी डा. मौसम, वसन्तरितुका साथी स्मृति र उनका लाहुरे पति उद्गम एवं चिकित्सक छोरा डा. एलमहाङ तथा गाउँका ठालु जिमलघरे र उसका सम्धीसम्धिनी राईकान्छो र उनकी पत्नीको अन्त्यमा मिलन देखाएर समाज परिवर्तनमा जातीयता तगारो बन्न नहुने सन्देश देखाइएको छ ।

अझ नेपालको नक्साको स्वरूपमा विशाल ग्रामीण उद्यान बनाएर त्यसमा नेपालका १२३ भाषाको प्रतिनिधित्व गर्ने गरा र १२५ जाति संकेत गर्ने वर्गाकार भूभागमा नेपालका सबै ऋतुमा फुल्ने फूल रोपिएको छ (वि.सं. २०७८ को बाह्रौं राष्ट्रिय जनगणनामा भने भाषा १२४ र जाति १४२ पुगेका छन्) । अनि उद्यानका चारैतिर सबै जातिको सांस्कृतिक पहिचान झल्कने घर निर्माण गर्ने योजना पनि बनाइएको छ । यसरी उपन्यासकारले जातीय समानता र राष्ट्रिय भावधारामा सबै नेपाली जनतालाई समाहित गर्नुपर्ने विशाल सन्देश कृतिमा दिएका छन् ।

'...यहाँ हरेक वर्ष ऋतु दिवस मनाइने छ, फूल दिवस मनाइने छ । यहाँ हरेक वर्ष फूलहरूको ठूलो मेला लाग्ने छ । यहाँ को साना जात, को ठूलो जात, को छुत को अछुत केही हुँदैन । यो जातबारी होइन, फूलहरू फुल्ने फूलबारी हुने छ । ...,' कृतिको मुख्य पात्रमध्येका वसन्तको मुखबाट अभिव्यक्त यस कथनले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको 'यो सबै जातको फूलबारी हो...' भन्ने दिव्योपदेशलाई पनि आत्मसात् गरेको छ ।

परम्परागत ढंगबाटै लेखिएको औपन्यासिक कृतिमा वर्णविन्यासगत र वाक्यगत दोष तथा मुद्राराक्षस ठाउँ-ठाउँमा भेटिन्छन् । केही वाक्यमा नेपाली व्याकरणमा प्रयुक्त हुने वचन र लिंगसम्बन्धी नियम पनि भंग भएको पाइन्छ । नेपाली साहित्यमै विद्यावारिधि गरेका डा. राईले 'प्राकृतिक अवस्थाअनुसार वर्षभरिको दुई-दुई महिनाका दरले फेरिने वातावरणिक स्थिति वा त्यसअनुसार हुने समय विभाजन' लाई बुझाउने संस्कृत शब्द 'ऋतु' का सट्टा 'रितु' शब्द शीर्षकमै राखेकाले पाठक अन्योलमा पर्न सक्छन् । नेपाली समाज विभिन्न जातीय भावना, साम्प्रदायिकता, धार्मिकता, असहिष्णुता तथा वाद र विचारमा विखण्डित भइरहेको अहिलेका अवस्थामा कृतिले पाठकलाई राष्ट्र-राष्ट्रियताको भावना जागृत गर्नाका साथै संकुचित जातीयताको घेराबाट माथि उठ्न भने प्रेरणा दिने नै विश्वास गर्न सकिन्छ । *रासस*

# पृथ्वीचोक क्षेत्र पुनः अस्तव्यस्त



**गण्डकी–** जथाभावी सवारीसाधन पार्किङ र यात्रु चढाउने/ओराल्ने गर्दा पोखराको पृथ्वीचोक क्षेत्र पुनः अस्तव्यस्त बनेको छ । गत साउनदेखि पृथ्वीचोक-सेतीपुल सडकको दुवैतर्फ पार्किङ निषेध गरिएकामा वर्षदिन नपुग्दै उक्त नियम उल्लंघन भएको हो । पर्यटकीय राजधानीसमेत रहेको पोखराको अति व्यस्त पृथ्वीचोकलाई व्यवस्थित बनाउन जिल्ला सुरक्षा समितिको बैठकले पार्किङ निषेधको घोषणा गरेको थियो ।

पार्किङ हटेपछि केही समय सो क्षेत्र शान्त र खुला देखिएको थियो । लामो दूरीका सवारीसाधन पृथ्वीचोकको भित्रपट्टि रहेको बसपार्कबाट छुट्न थालेका थिए । नगर बसलगायत छोटो दूरीका सवारीसाधनले पनि धेरैबेर नरोकी तोकेको स्थानमा यात्रु चढाउने र ओराल्ने गर्थे । पैदल यात्रुलाई पनि आउजाउ गर्न सहज बनेको थियो । तर अहिले हिजोकै अवस्थामा पृथ्वीचोक पुगेको छ ।

काठमाडौंलगायत लामो दूरीमा चल्ने बसले पनि सडक किनाराबाटै यात्रु चढाउन थालेका छन् । बसपार्क हुँदाहुँदै सडकबाटै यात्रु चढाउने र ओराल्ने गर्दा सवारी जामको समस्या देखिन थालेको छ । माइक्रो, ट्याक्सीलगायत सवारीसाधन लामो समय रोकिराख्दा पृथ्वीचोक दुवैतर्फको सडक अस्तव्यस्त बनेको छ । ट्राफिक प्रहरीले पनि सवारीसाधन व्यवस्थानमा कडाइ गर्न छाडेको छ ।

पोखराबाट देशका विभिन्न ठाउँमा पुग्ने सवारीसाधन पृथ्वीचोकबाटै छुट्ने र मुख्य राजमार्ग पनि भएकाले त्यहाँ सवारीसाधनको अत्यधिक चाप हुने गर्छ । बसपार्क, होटल, वित्तीय संस्था, अस्पताल तरकारी बजार, मासु पसललगायत व्यवसाय तथा सरकारी सेवा दिने यातायात व्यवस्था कार्यालयलगायत अड्डा पनि सोही क्षेत्रमा रहेकाले पृथ्वीचोकमा मानिसको भीडभाड भइरहन्छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका वरिष्ठ प्रहरी हवल्दार आशिष क्षेत्रीले सवारीसाधनको बढ्दो चापका कारण पोखरामा पार्किङको समस्या देखिएको बताए । 'पृथ्वीचोक क्षेत्रमा अहिले पनि पार्किङ त निषेध नै छ, यात्रु चढाउने र ओराल्नमात्र दिने गरेका छौं,' उनले भने, 'सबैतिरका गाडी पृथ्वीचोक भएर गुड्ने भएकाले ट्राफिक व्यवस्थापन चुनौती भने छ, यसमा यातायात व्यवसायी र स्थानीयवासीको साथ चाहिन्छ ।'

सडक फराकिलो र व्यवस्थित बनाउन पोखरा महानगरपालिकाले सो क्षेत्रमा रहेका अस्थायी संरचनासमेत हटाएको थियो । जीर्ण अवस्थामा रहेको बसपार्कको मर्मतसुधारको काम महानगर र प्रदेश सरकारले मिलेर गरेका थिए । यातायात व्यवसायीहरूले बसपार्क व्यवस्थित नहुँदा पार्किङको समस्या भइरहेको बताउँदै आएका छन् ।

पोखरा ४८ वर्षदेखि आधुनिक र व्यवस्थित बसपार्कको पखाइमा छ । बसपार्क बनाउन वि.सं. २०३२ मा अधिग्रहण गरिएको जग्गा अतिक्रमणमा परेर खुम्चँदै गएको छ । गण्डकी प्रदेशको राजधानीसमेत रहेको पोखरामा स्तरीय बसपार्क बन्नुपर्ने माग पहिलेदेखि नै हुँदै आएको छ । पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालिका अनुसार पोखरासँग ६३ जिल्लाको यातायात सञ्जाल जोडिएको छ । बसपार्कमा ढलान, पार्किङ ट्र्याक, यात्रु विश्राम कक्ष, शौचालय, खानेपानीलगायत पूर्वाधारको खाँचो रहेको छ । बसपार्क व्यवस्थित नहुँदा गाडीले राजमार्ग छेउछाउबाटै यात्रु चढाउने र ओराल्ने गर्छन् । टिकट काउण्टर पनि सडक किनारमा छन् । *रासस*

# घुम्ती शिविरमार्फत न्याय सम्पादन

**दाङ (प्रस)–** घोराही उपमहानगरपालिकाको न्यायिक समितिले न्यायिक घुम्ती शिविरमार्फत न्याय सम्पादन गर्नेदेखि कानुनी साक्षरता अभियानलाई अगाडि बढाएको छ । यो अभियानलाई गाउँ बस्तीसम्म पुऱ्याउन थालेपछि स्थानीयसमेत लाभान्वित हुन थालेका छन् । गाउँबस्तीमा कानुन र न्यायका बारेमा सचेतना प्रदान गरेर वडावासीलाई धेरै कुराको जानकारी गराउने काम सराहनीय रहेको उनीहरू बताउँछन् । घोराही-१९ सैघास्थित बराह क्षेत्र टोल विकास संस्थाका अध्यक्ष टोपबहादुर खड्का आफ्नै गाउँठाउँमा न्याय सम्पादन हुँदा खुसी छन् ।

'सानातिना विषयमा मुद्दा पऱ्यो भने आर्थिकरूपमा धेरै खर्च हुन्छ, जसले गर्दा यो कार्य निकै प्रभावकारी भएको छ,' उनले भने, 'स्थानीयस्तरमै मेलमिलाप हुनु अत्यन्तै राम्रो कुरा हो, समाजमा सामान्य खालका झैंझगडा भयो भने उपमहानगरको न्यायिक समितिसम्म जानुपर्ने बाध्यता हटेको छ, आगामी दिनमा पनि यो कार्यलाई निरन्तरता दिँदै गएमा सबैका लागि हित हुनेमा उहाँ आशावादी हुनुहुन्छ ।'

घुम्ती शिविरमार्फत न्यान सम्पादनसम्बन्धी विभिन्न विषयमा ज्ञान लिन पाउँदा उनीजस्तै धेरै नागरिक हर्षित छन् । वडावासीलाई न्यायिक समितिले प्रदान गर्ने सेवा, न्याय सम्पादनमा अपनाइने विधि प्रक्रिया र कानुनी साक्षरताबारे जानकारी आवश्यक ठानेरै काम अघि बढाइएको छ । कानुनी साक्षरतासँगै समुदायस्तरमा न्यायिक समितिले प्रदान गर्ने सेवाका बारेमा जानकारी गराएर मेलमिलापको नीतिलाई अघि सार्दै सचेतनाको अभियान वडावासीले बुझ्नु जरुरी रहेको वडा सदस्य हुकुमा घर्ती मगर आग्रह गर्छन् । समाजलाई सभ्य बनाउनका लागि सबैको दायित्व रहेको उनी बताउँछन् ।

कानुनी मामिला शाखा प्रमुख प्रतलाकुमारी देवकोटाका अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ४७ को १ र २ अन्तर्गत न्याय सम्पादन गर्ने काममा दफा १ मा टेकेर १३ प्रकृतिका विवादको मेलमिलाप वा अन्तिम निर्णय गर्ने गरिएको तथा दफा २ टेकेर ११ प्रकृतिका विवाद मेलमिलापको काम हुने गरेको छ । न्यायिक समितिले दुवै पक्षको बीचमा मेलमिलाप गराउँदा सैद्धान्तिकरूपमा मात्रै नभई व्यावहारिक रूपमासमेत मन मिलाउने काम गर्ने गरेको देवकोटा बताउँछिन् । पछिल्लो समय न्यायिक इजलासबाट हुने नियमित न्याय सम्पादनसँगै न्यायिक घुम्ती शिविरमार्फत कानुनी साक्षरता प्रदान गर्ने काम भइरहेको उपमहानगरपालिकाका उपप्रमुख तथा न्यायिक समिति संयोजक हुमा डिसीले बताइन् ।

समुदायमा कोही कसैलाई समस्या परेको भए ठाउँमा पुगेर न्याय निरूपण गर्ने काम भइरहेको संयोजक डिसी बताउँछन् । न्यायिक समितिको काम र कर्तव्यका बारेमा आमनागरिक जानकार हुनु जरुरी रहेको उनको भनाइ छ । न्यायिक समितिमार्फत निरूपण हुन नसकेका मुद्दालाई माथिल्लो निकायसम्म पुऱ्याउने काम हुँदै आएको उनी बताउँछन् । उपमहानगरभित्र रहेका १९ वडामध्ये अब केही वडामा मात्रै कार्यक्रम सञ्चालन गर्न बाँकी रहेको उनको भनाइ छ ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/३१ गते)

दल बहादुर दरैको नाति, याम बहादुर दरै र जुठी माया दरैको छोरा, मनु माया दरैको श्रीमान स्थायी ठेगाना तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. ०१ मा बस्ने सोम बहादुर दरैको मिति २०८०/०८/२० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको दमौली शाखामा रहेको बचत खाता नं ०१४००१०४३५७००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमति मनु माया दरैले यस बैंकको दमौली शाखामा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय दमौलीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय दमौली, तनहुँ फोन नं. ०६५-५६४५०३



## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ६७१/०६३/०६४ यस **Dream & Guide System Pvt. Ltd** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी (मिति: २०८१/०१/०१ बाट) राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्बन्धी ७दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| Name | Contact | Post |
|---|---|---|
| Sabita Kc Godar | 9849770010 | Gen. Manager |
| Nurul Hoda Sekh | 9818897658 | Marketing Manager |
| Dhananjay Mishra | 9809151471 | Documentation Officer |
| Manika Thapa Magar | 9802356992 | Documentation Officer |
| Nabita Sunar | 9813494408 | Receptionist |

**Dream & Guide System Pvt. Ltd.**
P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,
Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/ info@dreamandguide.com, Web:- www.dreamandguide.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL OTHMAN FOR KIYA SPAN INTERNATIONAL INDUSTRIAL PROJECTS GROUP
पूर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 306407 | चलानी नं. ६०२२१०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basic Labor/helper/worker | 15 | 0 | 100 | ४३,६२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Welder/painter/weldor | 35 | 0 | 150 | ६५,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786
E-mail : nationalexportsmc@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMIRATES LINK MALTAURO COMPANY LLC
पूर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 306284 | चलानी नं. ६०२२१०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 50 | 0 | 900 | ३२,७३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | WELDER | 30 | 0 | 1200 | ४३,६५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ६ र ७ गते (20 & 21 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ALI OVERSEAS PVT. LTD. Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4360155, 4360188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np
Website : www.alioverseas.com.np



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAYAD ALSAMA TECHNICAL SERVICES
पूर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 306290 | चलानी नं. ६०२२१०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४३,६५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | MASON | 5 | 0 | 1200 | ४३,६५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd. Govt. License 083/053/054
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VRINDAVAN STAR SECURITY SERVICES LLC
पूर्व स्वीकृति मिति २०८०/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 302055 | चलानी नं. ६०२१६९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1200 | ४३,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
श्रम इजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी BYT AL-KRM LLDYAFH WALTNZYFAT
पूर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 306280 | चलानी नं.६०२१००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER | 1 | 0 | 1700 | ६२,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 0 | 18 | 1000 | ३६,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: अञ्जली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.लि. बिर्तामोड - १, अतिथिसदन पश्चिम, झापामा २०८१ असार ०६ गते ( 20th Jun. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMZ AL TAMAYOZ TECHNICAL SERVICES
पूर्व स्वीकृति मिति : २०८१/०२/३० | LT. No.306332 | चलानी नं. ६०२२१०४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 4 | 0 | 1200 | ४३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenter | 3 | 0 | 1200 | ४३,६९५ | | | | | | | |
| 3 | Steel Fixer | 3 | 0 | 1200 | ४३,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD
श्रम इजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASEEJ
पूर्व स्वीकृति मिति २०८०/१०/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३० | LT. No. 298719 | चलानी नं. ६०१९३७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gents Tailor | 5 | 0 | 1100 | ४०,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Tailor | 5 | 0 | 1100 | ४०,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BIN JAMAL RECRUITMENT SERVICES SOLD PROPRIETORISHIP L L C
पूर्व स्वीकृति मिति २०८१/०२/३० | LT No :306378 | चलानी नं. ६०२२१०३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Helper | 10 | 0 | 800 | २९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stone Mason | 10 | 0 | 1200 | ४३,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Govt. License No. 1688/080/081
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000220, 9705000221
E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np

# प्रभाव दैनिक

बिहीबार ३१, जेठ २०८१ (Thursday, June 13, 2024)


रूपशाला

### मिर्जापुर-३ को टिजर रिलिज

चर्चित वेब सिरिज 'मिर्जापुर' को तेस्रो सिजनको टिजर रिलिज भएको छ । डेढ मिनेटको यस टिजरमा मिर्जापुरको तुलना जंगलसँग र त्यहाँका मानिसहरूको तुलना जनावरहरूसँग गरिएको छ । टिजरमा कालीन भैया (पंकज त्रिपाठी) को कम्ब्याक देखाइएको छ । उनलाई घाइते सिंहको रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै, पछिल्लो सिजनका दद्दा त्यागी, शकुन्तला शुक्ला र लालाजस्ता पात्रले बदला लिँदै गरेको देखाइएको छ । यसमा अली फजल, रसिका दुग्गल, विजय वर्मा, श्वेता त्रिपाठी, ईशा तलवार, लिलिपुट, मेघना मलिक, मनु ऋषि र शीबा चंगा आ-आफ्नो भूमिकामा देखिनेछन् ।




# उत्कृष्ट चार तस्बिर पुरस्कृत



■ प्रभाव संवाददाता

**काठमाडौं–** अठोट नेपालले आयोजना गरेको दोस्रो पर्यटन सम्मेलन तथा फोटोग्राफी प्रतियोगिताबाट उत्कृष्ट फोटोहरू छानिएका छन् । नेपाल पर्यटन बोर्डमा आयोजित दुई दिने कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट फोटोहरू पुरस्कृत भएका छन् ।

प्रिजेन्टिङ नेपाल फोटोग्राफी प्रतियोगितामा ४ सय भन्दा बढी प्रतियोगी सहभागी थिए । झन्डै १ हजार ५ सय तस्बिरहरू मध्ये निर्णायकले विभिन्न विधामा उत्कृष्ट फोटोहरू छनौटमा पारे । जसमध्ये कल्चर र फेस्टबल क्याटागोरी अन्तरगत हरिसुन्दर ख्याजुको तस्बिर पुरस्कृत भएको छ । ख्याजुको भक्तपुरमा मनाइने माधबनारायण फेस्टिबलको तस्बिर छानिएको हो ।

यस्तै वाइल्ड लाइफ र नेचर क्याटागोरी अन्तर्गत लक्ष्मीप्रसाद ङाखुसीको तस्बिर पुरस्कृत भएको छ । पिपुल र लाइफस्टाइल अन्तगत मनिष प्रजापतिको तस्बिर छनौटमा परेको छ ।

'बेस्ट फोटो अफ द इयर २०२४' को टाइटल हेमन्त राईले जितेका छन् । उनको क्यामेरामा कैद भएको बाजुराको बडिमालिकाको तस्बिर छनौटमा परेको हो । यो उनको अहिलेसम्म कतै पनि नछापिएको तस्बिर हो । हरेक विधामा पुरस्कृत हुनेलाई नगद ५० हजार रूपैयाँ सहित प्रमाणपत्र प्रदान गरिएको छ ।

उक्त कार्यक्रममा ढोरपाटन वडा नम्बर ९ का वडा अध्यक्ष खिम बहादुर घर्ती मगर, कल्पना केसी, पूर्णिमा श्रेष्ठ, जितेन्द्र झाँक्री, बिज्मान्डु डट्कमकी भावना शर्मा यस्तै वरिष्ठ ल्यान्डस्केप फोटोग्राफर जगदिश तिवारीलाई सम्मान पत्र प्रदान गरिएको थियो । माननीय संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्री हितबहादुर तामाङ, नेपालका लागि पाकिस्तानका राजदूत अबरार एच. हास्मी, नेपाल पर्यटन बोर्डका निर्देशक लक्ष्मण गौतम, उद्योग वाणिज्य महासङ्घ बाग्मती प्रदेशका अध्यक्ष दिलसुन्दर श्रेष्ठ, लुम्बिनी विकास कोषका सद्भावना दूत तथा पर्यटन व्यवसायी विक्रमकाजी पाँडे लगायतको कार्यक्रममा उपस्थिति थियो ।

# कन्सर्टका लागि लन्डन पुगे राजु लामा




**लन्डन–** बेलायतको मेडस्टोनस्थित 'केन्ट इभेन्ट गार्डन' को शो ग्राउन्डमा आयोजना गरिएको नेपाली ओपन कन्सर्टमा प्रस्तुति दिन चर्चित गायक राजु लामा लन्डन आइपुगेका छन् । मगर सङ्घ यूकेको आयोजनामा यही १५ जुनमा हुन् गइरहेको कन्सर्टका लागि मंगोलियन हार्ट ब्यान्डका गायक राजु लामा अमेरिकाबाट लन्डन आएका हुन् ।

मंगलबार बिहान लन्डनस्थित हिथ्रो विमानस्थलमा आयोजक संस्था मगर संघकी अध्यक्ष सीता पुन, उपाध्यक्ष एवं ओपन कन्सर्ट संयोजक होम रोका, सचिव गोमानसिंह पुन, मिडिया सेक्रेटरी किशोर राना, कल्चरल सेक्रेटरी सरु राना गुरुङ, मगर सङ्घ यूके युथका उपाध्यक्ष दीपक थापा माइथाने मगरलगायत पदाधिकारीले गायक लामालाई स्वागत गरेका थिए । यसैगरी सोही दिन साँझ फार्नबरोस्थित मगर भवनमा पनि उनलाई सवागत तथा सम्मान गरिएको थियो ।

गायक लामाले बेलायतका नेपालीमाझ आउन पाएकोमा खुसी व्यक्त गर्दै आयोजक मगहरा सङ्घलाई धन्यवाद दिए । साथै कार्यक्रममा सहभागी हुन बेलायतवासी सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई उनले आग्रह गरेका छन् । 'म्यूजिक फर युनिटी' नारा रहेको उक्त कार्यक्रम सम्पूर्ण नेपालीहरूको साझा कार्यक्रम भएको सङ्घका मिडिया सेक्रेटरी किशोर रानाले बताए । मध्यान्न १२ बजेदेखि राति ११ बजेसम्म हुने उक्त कन्सर्टमा ४ हजार भन्दा बढी दर्शक भेला हुने अपेक्षा गरिएको छ ।

# बाँसुरीप्रति युवा पुस्ताको क्रेज

■ प्रभाव संवाददाता

**भक्तपुर–** आधुनिकताले चुर्लुम्म खोस्टो ओडेको छ यतिबेला नेपाली सहरहरू । र त पुराना लाग्ने परम्परागत बाँसुरीमा मान्छेको रुचि घटेको छ । तर राजधानी काठमाडौंसँगै जोडिएको भक्तपुरमा भने यस्तो छैन । बुढाबुढीदेखि बालबालिकासम्म पनि परम्परागत बाजागाजामा रमाइरहेका छन् ।

निओ फ्युजन बाजा समूह इनाचो भक्तपुर र नवदुर्गा बाजा समूह भक्तपुरको संयुक्त आयोजनामा भएको चार महिने बाँसुरी बाजा प्रशिक्षण सकाएर सार्वजनिक भएकी एकजना बाँसुरीबाजा प्रशिक्षार्थी सुबिना बनमालाले भनिन्, युवापुस्ता हुन् वा केटाकेटी नै, परम्परागत बाँसुरी भन्दा आधुनिक बाजाप्रति बढी झुकाव देखिन्छ, तर हामीकहाँ भने त्यस्तो देखिँदैन । इन्टर नेटका माध्ययमबाट सहजै चाहेजस्तो गेम खेल्न र सांगितिक मनोरञ्जन पाउन थालेपछि ती परम्परागत बाजाको महत्व घट्दै गएको उनको बुझाई छ । तर, केही मान्छेमा भने पुराना बाजाप्रतिको रुचि उत्तिकै छ आज पनि, उनी बुझ्छन् ।

बाँसबाट बनेका परम्परागत बाजा बाँसुरी जसलाई मुरलीसमेत भनिन्छ । कलियुगमा भगवान श्री कृष्णलाई मुरली बाजाका पितासमेत भनिन्थ्यो । बाँसुरी मुरली बाजाको प्रचलन भारतबाट सुरु भएता पनि पश्चिमा देशहरूमा गएर यसको विकास भएको पाइन्छ । पश्चिमा देशहरूबाट विकास हुँदै गएको बाँसुरी विभिन्नखाले बाजामा परिणत भएको छ । यसमा रुचि राख्नेले यसलाई आफ्नै ढंगले संरक्षण पनि गरेका छन् । बासुरी प्रशिक्षक यजु आचार्यले भक्तपुरमा अहिले पनि धेरैको लागि बासुरी लोकप्रिय रहेको बताए ।


**UAE मा रोजगार SMOOTH MANPOWER & STAFFING SOLUTIONS**

पुर्व स्विकृति मिति: 2023.11.21 चलानी नं. ६०२१०२७४ LT No. 295122 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic | 5 | काममा दक्ष | 1100 | 40014 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 5 | | 1100 | 40014 | | | | | | | |
| 3 | Brick Layer | 5 | | 1100 | 40014 | | | | | | | |
| 4 | Building Laborer | 5 | | 900 | 32739 | | | | | | | |
| 5 | Painter | 5 | | 1100 | 40014 | | | | | | | |
| 6 | Painter Assistant | 5 | | 1100 | 40014 | | | | | | | |
| 7 | Carpenter | 5 | | 1100 | 40014 | | | | | | | |
| 8 | Electrician | 5 | | 1100 | 40014 | | | | | | | |
| 9 | Cleaner | 5 | | 900 | 32739 | | | | | | | |
| 10 | Plumber | 5 | | 1100 | 40014 | | | | | | | |
| 11 | Tile Layer | 5 | | 1100 | 40014 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्हाेर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८१ असार ६ गते (20 June 2024) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**

Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744


रंगशाला

# नेपाल र यमन बराबरीमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल फिफा विश्वकप २०२६/एएफसी एसियन कप २०२७ को संयुक्त छनोटअन्तर्गत अन्तिम खेलमा यमनसँग बराबरी रोकिएको छ ।

साउदी अरबको दमामस्थित प्रिन्स मोहम्मद बिन फहद रंगशालामा मंगलबार राति सम्पन्न खेल २-२ गोलको बराबरीमा सकिएको हो । समूह एच मा रहेको नेपाल यसअघि सम्पन्न पहिलो लेगमा यमनसँग २-० ले पराजित भएको थियो । योसँगै नेपालले एक अंक जोड्दै विश्वकप/एसियन छनोटको यात्रा सकाएको छ । यमनले भने पाँच अंक जोडेको छ ।

नेपालका सञ्जीव विष्ट र जिलेस्पीजंग कार्कीले गोल गरेका थिए । यमनका नासेर मोहम्मद र मोहम्मद अल दहीले गोल फर्काए । खेलमा १-० गोलले पछि परेको नेपालले २-१ को अग्रता बनाएको थियो । तर, उक्त अग्रता नेपालले अन्तिम समयसम्म जोगाउन सकेन ।

खेलको नवौं मिनेटमा यमनका नासेर मोहम्मदले पेनाल्टीमा गोल गर्दै सुरुआत अग्रता दिलाएका थिए । तर, २२औं मिनेटमा सञ्जीवले गोल गोल गरेपछि नेपाल खेलमा फर्किएको थियो ।

दोस्रो हाफको ६६औं मिनेटमा जिलेस्पीले गोल गर्दै नेपाललाई २-१ को अग्रता दिलाए । तर, अतिरिक्त समयको पहिलो मिनेटमा मोहम्मद अल दहीले गोल गर्दै खेल २-२ को बराबरी सक्काए ।

## यू-१५ विद्यालय खेलकुद सुरू

**पोखरा (प्रस)–** पोखरामा 'यू-१५ विद्यालय खेलकुद प्रतियोगिता-२०८०' सुरु भएको छ । प्रतियोगिताको पोखरा रङ्गशालामा एक भब्य समारोहका बिच गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गरेका हुन् ।

प्रतियोगिताको उद्घाटनपछि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकार खेल र खेलाडीका विषयमा सकरात्मक रहेको बताए । मुख्यमन्त्री पाण्डेले खेल क्षेत्रको विकासका लागि विभिन्न कार्यक्रम गरिरहेको बताएका हुन् । 'प्रदेश सरकार खेल र खेलाडीको प्रोत्साहनका लागि दत्तचित्त भएर हामी अगाडी बढिरहेका छौं,' मुख्यमन्त्री पाण्डेले भने, 'आगामी दिनमा पनि यही अनुसार अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।'

ओलम्पिकमा सहभागी खेलाडीहरूको अनुभव आदानप्रदानका लागि गण्डकी प्रदेश सरकारले गत वर्षदेखि 'स्कुल टू ओलम्पियन' कार्यक्रम गरिरहेको उनले बताए । गण्डकीबाट ओलम्पिकमा सहभागी खेलाडीहरूलाई आर्थिक सहयोग पनि गरिरहेको उनले जानकारी दिए । कार्यक्रममा गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापालगायतले प्रतियोगिताको सफलताको कामना गरेका थिए ।

# अनुज र सरितालाई स्वर्ण



**काठमाडौं (प्रस)–** मधेस प्रदेशका अनुजकुमार साह र कर्णाली प्रदेशकी सरिता शाहीले यु-१५ विद्यालय खेलकुदको एथलेटिक्समा बुधबार स्वर्ण जितेका छन् । लङजम्पको छात्रतर्फ अनुज र छात्रातर्फ सरिताले स्वर्ण पदक जितेका हुन् ।

पोखरा रङ्गशालामा जारी प्रतियोगितामा अनुजले ६.११ मिटर जम्प गरे । सुदूरपश्चिम प्रदेशका वरुणदत्त रानाले रजत र लुम्बिनी प्रदेशका श्लोक हरिजनले कांस्य जिते । सरिताले ४.६१ मिटर जम्प गर्दै स्वर्ण चुमिन् । कोशी प्रदेशकी निकिता एक्तेल लिम्बु दोस्रो र गण्डकी प्रदेशकी सुजना कुमाल तेस्रो भए ।

राष्ट्रिय खेलकुद परिषद् र गण्डकी प्रदेश खेलकुद परिषद्द्वारा संयुक्त रूपमा आयोजित प्रतियोगिताको छात्र चार सय मिटर दौडमा सुदूरपश्चिमका वरुणदत्त राना पहिलो भए । उनले निर्धारित दूरी ५८.६२ सेकेन्डमा पुरा गरे ।

त्यो स्पर्धामा मधेसका दीपेश साह दोस्रो र लुम्बिनीका सुशान्त थारु तेस्रो भए । छात्रातर्फ कर्णालीकी कृष्णा रानाले स्वर्ण चुमिन् । उनले निर्धारित दूरी तय गर्न एक मिनेट ०४.२९ सेकेन्ड समय खर्चिइन् । बागमती प्रदेशकी भगवती खड्काले रजत र लुम्बिनीकी कमला वलीले कांस्य हात पारे ।

छात्र एक सय मिटर दौडमा लुम्बिनीका शुभन बमरेल पहिलो भए । उनले ११.४६ सेकेन्ड समयमा दौड पुरा गरे । मधेसका अर्जुन साह दोस्रो र कोशीका राजन बान्तवा राई तेस्रो भए । छात्रातर्फ गण्डकीकी एन्जल अधिकारी पहिलो भइन् । उन निर्धारित दूरी १३.५६ सेकेन्डमा पूरा गरिन् । लुम्बिनीकी आरुषी भट्टराईले रजत र बागमतीकी मुस्कान चौधरीले कांस्य जिते ।

एथलेटिक्सको पहिलो दिन ६ स्वर्णको टुङ्गो लाग्दा पाँच प्रदेशले स्वर्ण जितेका छन् । कर्णालीले दुई तथा मधेस, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमले समान एक-एक स्वर्ण हात पारे । प्रतियोगितामा सातवटै प्रदेशबाट ७६ खेलाडी सहभागी छन् ।


**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PINK PEARL TRADING,CONTRACTING & DECORATION

पूर्व स्वीकृति मिति २०८१/०२/३० LT. No. 306260 चलानी नं. ६०२२१०५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 2 | 0 | 3000 | १०९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९१,४८५ | | | | | | | |
| 3 | Driver | 2 | 0 | 1500 | ५४,८९० | | | | | | | |
| 4 | Mason | 6 | 0 | 1200 | ४३,९१५ | | | | | | | |
| 5 | Carpenter | 7 | 0 | 1200 | ४३,९१५ | | | | | | | |
| 6 | Painter | 2 | 0 | 1200 | ४३,९१५ | | | | | | | |
| 7 | Plaster Worker | 3 | 0 | 1200 | ४३,९१५ | | | | | | | |
| 8 | General Clean Worker | 17 | 0 | 1000 | ३६,५९५ | | | | | | | |
| 9 | Helper | 13 | 0 | 1000 | ३६,५९५ | | | | | | | |
| 10 | Labourer | 14 | 0 | 1000 | ३६,५९५ | | | | | | | |
| 11 | Building Worker | 5 | 0 | 1000 | ३६,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1241/074/075

**Aarambha H R Services Pvt.Ltd**

Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com

**बहराइनमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : JEEVAN SALON

पुर्व स्वीकृति मिति: २०८१/०२/२९ LT. No. 305955 चलानी नं. ६०२२१००६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५३,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1165/073/074

**Chinari Overseas Pvt. Ltd.**

P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com, Website :chinarioverseas.com



पाकिस्तानको इस्लामाबादस्थित बजारमा ग्राहकको पर्खाइमा रहेका एक तरकारी विक्रेता । *तस्बिरः एएफपी*

## १८औं लोकसभाको पहिलो सत्र जुन २४ मा सुरू हुने

**नयाँदिल्ली (भारत)–** नवनिर्वाचित सदस्यहरूको शपथ र पुष्टिका लागि भारतको १८औं लोकसभाको पहिलो सत्र जुन २४ देखि सुरू हुने र जुलाई ३ मा समापन हुने केन्द्रीय संसदीय मामिलामन्त्री किरेन रिजिजुले बुधबार बताए । राज्यसभाको २६४औं सत्र पनि जुन २७ देखि सुरु भएर जुलाई-३ मा समापन हुने उनले बताए । नवनिर्वाचित सदस्यहरूको शपथ र पुष्टि, अध्यक्षको निर्वाचन, राष्ट्रपतिको सम्बोधन र त्यसमाथि छलफलका लागि १८औं लोकसभाको पहिलो सत्र सन् २०२४ जुन २४ देखि जुलाई ३ सम्मका लागि बोलाइएको छ ।

राज्यसभाको २६४औं सत्र २०२४ जुन २७ मा सुरु भएर जुलाई ३ मा समापन हुने मन्त्री रिजिजुले सामाजिक सञ्जाल एक्समा उल्लेख गरेका छन् । राष्ट्रपति द्रौपदी मुर्मूले जुन २७ मा लोकसभा र राज्यसभाको संयुक्त बैठकलाई सम्बोधन गर्ने छिन् । *रासस/एएनआई*

## फ्रान्सेली प्रधानमन्त्री अट्टलले म्याक्रोंको चुनावी अभियानको नेतृत्व गर्ने

**पेरिस–** फ्रान्सका प्रधानमन्त्री इम्यानुएल म्याक्रोंले मध्यावधि निर्वाचनको आह्वान गरेपछि प्रधानमन्त्री गेब्रियल अट्टलको शंकास्पद मौनता तोडिएको छ । अनुभवको कमीको बावजुद, अट्टलले आफ्नो नियुक्तिपछि आफूलाई राष्ट्रपतिको एक प्राकृतिक सञ्चारकर्ताको रूपमा देखाएका छन् ।



केही हदसम्म म्याक्रोंको सम्भावित उत्तराधिकारीको रूपमा पनि हेरिएको छ । ३५ वर्षीय अट्टल फ्रान्सका सबैभन्दा कान्छा प्रधानमन्त्री हुन् । उनले यो अभियानप्रति पूर्ण प्रतिबद्धता जनाए पनि यदि म्याक्रोंको प्रधानमन्त्री परिवर्तन गर्ने निर्णय आएमा उनी सबैभन्दा कम सेवा गर्ने प्रधानमन्त्रीमध्ये एक हुने छन् । युरोपेली चुनावमा अति दक्षिणपन्थी गठबन्धनसँग म्याक्रोंको पार्टी पराजित भएपछि सुरुमा लड्ने कुनै इच्छा नभएको बताइए पनि राष्ट्रपति म्याक्रोंलाई फ्रान्सेलीविधायिकानिर्वाचनअभियान चलाउनुपरेको छ । सामान्यतया फ्रान्सेली सञ्चारमाध्यममा सर्वव्यापी रहेका अट्टल सोमबार निर्वाचनको घोषणापछि एयरवेभमा स्पष्टरूपमा अनुपस्थित थिए ।

म्याक्रोंले आइतबार टेलिभिजनमा सम्बोधन गर्दै निर्वाचनलाई स्तब्ध पार्ने कदमको संज्ञा दिँदा अट्टलले कुनै टिप्पणी गरेनन् । उनले म्याक्रोंको सामाजिक सञ्जाल एक्समा गरेको सम्बोधनलाई पुनः पोस्टमात्र गरे भने ब्रिफिङका लागि माटिग्नोन प्रधानमन्त्रीको निवासमा राखिएको लेक्चर कहिल्यै प्रयोगमा आएन । युरोपेली चुनावको परिप्रेक्षमा मध्यावधि चुनावको सम्भावनाको बारेमा प्रारम्भिक छलफलबाट टाढा रहेका अट्टलले म्याक्रोंलाई 'खतरनाक' जोखिमको बारेमा चेतावनी दिएका थिए । अट्टललाई निर्णयबारे अन्तमा सूचित गरिएको थियो ।

आइतबार साँझ एलिसी प्यालेसमा सत्तारुढ दलका नेतासँग भएको भेटमा अट्टलले आफू सरकारबाट राजीनामा दिन तयार रहेको तर राष्ट्रपतिको निर्णयलाई समर्थन गरेको बताएको एक सहभागीले बताए । प्रसारणकर्ता बिएफएमटिभीका अनुसार उनले म्याक्रोंलाई राजीनामा दिएर संसद् विघटन गर्नबाट रोक्न प्रयास गरेका थिए तर उनको प्रयास सफल हुन सकेन । 'मलाई जे भनिएको छ म त्यही गर्छु,' उनले सोमबार आफ्ना एक वार्ताकारसँग बताए । नाम नबताउने सर्तमा स्रोतले एएफपीलाई भन्यो, 'राष्ट्रपतिलाई अस्वीकार गरिएको छ भन्ने थाहा भए पनि अब उन चुनाव प्रचारमा जान लाग्नुभएको छ ।' *रासस/एएफपी*

## यमनमा आफ्ना कर्मचारीमाथि लगाइएको 'अपमानजनक आरोप' प्रति राष्ट्रसंघको खण्डन

**जेनेभा–** यमनका हुथी विद्रोहीले हिरासतमा लिएका राष्ट्रसंघीय कर्मचारी र अन्य सहायताकर्मीलाई तत्काल र विनासर्त रिहा गर्न संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर तुर्कले माग गरेका छन् ।

हुथी विद्रोही समूहले गत साता पक्राउ परेका व्यक्ति अमेरिका-इजरायली जासुसी सञ्जालको हिस्सा भएको र उनीहरूले अन्तर्राष्ट्रिय संगठन र संयुक्त राष्ट्रसंघीय निकायको आवरणमा काम गरेको बताएको छ । तुर्कले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'म हाम्रा कर्मचारीमाथि लगाइएका घृणित आरोपलाई स्पष्टरूपमा खण्डन गर्दछु, र उनीहरूको अवस्थाको बारेमा गहिरो चिन्ता व्यक्त गर्दछु ।'

संयुक्त राष्ट्रसंघ र सहायता समूहले गत साता इरान समर्थित विद्रोहीले एक दर्जनभन्दा बढी सहायताकर्मीलाई हिरासतमा लिएको बताएका थिए । लामो समयदेखि जारी गृहयुद्धमा संलग्न हुथी विद्रोही सम्मिलित युद्धले विश्वकै सबैभन्दा खराब मानवीय संकट निम्त्याएको भन्दै कति जनालाई पक्राउ गरिएको छ भन्नेबारे केही खुलाएको छैन ।

विद्रोहीहरूले सन् २०१४ सेप्टेम्बरमा राजधानी सानामा कब्जा जमाएपछि सन् २०१५ मार्चमा सरकारलाई साउदी नेतृत्वको सैन्य हस्तक्षेपद्वारा सहयोग गरिएको थियो । राष्ट्रसंघको तर्फबाट विस्तृत विवरण प्रस्तुत गर्दै तुर्कले जारी गरेको वक्तव्यमा भनिएको छ, 'राष्ट्रसंघीय अन्तर्राष्ट्रिय निकायका १३ जना कर्मचारीलाई हिरासतमा लिइएको र उनीहरूको अवस्थाबारे जानकारी दिइएको छैन,' उनले भने, 'म यमनको सानास्थित सरकारी अधिकारीसँग संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा मानवीय गतिविधिमा सहयोग गर्ने अन्य व्यक्तिहरूसँग आबद्ध भएको आरोपमा हिरासतमा लिइएका अन्य व्यक्तिहरूलाई तत्काल र विनासर्त रिहा गर्ने पहलका लागि आग्रह गर्दछु ।'

यमनको मेयुन अर्गनाइजेसन फर ह्युमन राइट्सले यमनका १८ जना सहायताकर्मीलाई विद्रोहीको कब्जामा रहेको चार स्थानमा अपहरण गरिएको जनाएको छ । *रासस/एएफपी*

## अमेरिकी राष्ट्रपति बाइडेनका छोरा दोषी ठहर

**विल्मिङ्टन (संयुक्त राज्य अमेरिका)–** अमेरिकी न्यायालयले राष्ट्रपति जो बाइडेनका छोरा हन्टर बाइडेनलाई आपराधिक अभियोजनमा संघीय बन्दुकको अभियोगमा दोषी ठहर गरेको छ । यो अमेरिकी इतिहासमा बहालवाला राष्ट्रपतिको सन्तान आपराधिक अभियोगमा दोषी ठहर भएको पहिलो घटना हो ।

राष्ट्रपति बाइडेनका ५४ वर्षीय छोरालाई लागुऔषधको नशामा सन् २०१८ मा हाते बन्दुक खरिद गरेको आरोपपछि लागेका तीनवटै अभियोगमा दोषी ठहर गरिएको हो । हन्टर बाइडेनका बुबाले पुनः अमेरिकी राष्ट्रपतिको निर्वाचनमा प्रतिस्पर्धा गर्न खोज्दै गर्दा र वासिङ्टनमा बन्दुक हिंसाको बारेमा भाषण दिने तयारी गरिरहेका समय यो निर्णय आएको हो ।

बाइडेनको गृहनगर विल्मिङगटन, डेलावेयरमा भएको परीक्षण समापनपछि ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा राष्ट्रपतिले आफ्नो छोराप्रति 'प्रेम र समर्थन' व्यक्त गरेका छन् । राष्ट्रपति बाइडेनले भने, 'म राष्ट्रपतिमात्र नभएर बुबा पनि हुँ । जिल र म हाम्रो छोरालाई माया गर्छौं, र हामी आजको उनीमाथि निकै गर्व गर्छौं ।' उनले भने, 'आफ्ना प्रियजनहरू कुलतमा फसेपछि संघर्ष गरिरहेका धेरै परिवारले यसबाट बाहिर निस्केका व्यक्तिहरूको भावनालाई बुझ्छन्, यसप्रति गर्व गर्छन् ।' यस मुद्दाको नतिजा स्वीकार्ने बताउँदै हन्टरले अपिलपछिको न्यायिक प्रक्रियालाई सम्मान गर्ने बाइडेनले बताए ।



बाह्र सदस्यीय न्यायाधीशको टोलीले फैसलामा पुग्नुअघि दुई दिनसम्म करिब तीन घण्टाको सुनुवाइ गरेको थियो । अमेरिकामा बन्दुक किन्ने क्रममा झूठो बयान दिएमा १० वर्षसम्म, लागुऔषध दुर्व्यसनमा परेका व्यक्तिले अवैधरूपमा बन्दुक राखेमा १० वर्षसम्म र बन्दुक खरिद गर्दा संघीय इजाजतपत्र प्राप्त बन्दुक डिलरलाई गलत जानकारी उपलब्ध गराउनेलाई पाँच वर्षसम्म जेल सजाय हुन्छ । यदि हन्टर बाइडेनलाई यी तीनवटा आरोपमा अधिकतम सजाय दिइयो भने उनले २५ वर्षसम्मको जेल सजाय भोग्न सक्छन् तर २५ वर्षसम्म जेल सजाय भोग्ने सम्भावना भए पनि पहिलोपटकको अपराधिका रूपमा हन्टरलाई जेल सजाय नहुन सक्छ ।

नोभेम्बरको राष्ट्रपति चुनावमा बाइडेनका सम्भावित रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पको व्यापार अपचलनको आरोपमा दोषी ठहर भएको दुई हप्ताभन्दा कम समयमा यस्तो फैसला आएको हो । हन्टरको सजायले क्यालिफोर्नियामा कर चोरीको आरोपको अर्को मुद्दाको कारबाहीमा अपराधमा दोषी ठहरिएका पूर्वराष्ट्रपति ट्रम्पमाथि चुनावी ध्यान केन्द्रित गर्ने डेमोक्रचाटहरूको प्रयासलाई जटिल बनाएको छ । हन्टरका भाइ ब्युको सन् २०१५ मा क्यान्सरबाट मृत्यु भएको थियो । उनकी बहिनी नाओमीको सन् १९७२ को कार दुर्घटनामा मृत्यु भएको थियो भने यसै घटनामा जो बाइडेनकी पहिलो पत्नी निलियाको पनि मृत्यु भएको थियो ।

येलमा प्रशिक्षित वकिल र लोबिस्टबाट कलाकार बनेका उनीमाथि सन् २०१८ मा ३८ क्यालिबर रिभल्भर खरिद गर्दा अवैधरूपमा लागुऔषध प्रयोग नगरेको भन्दै झूठो बयान दिएको आरोप लगाइएको थियो । *रासस/एएफपी*


## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JANNATY BAHARAIN FOOD INDUSTRIES CO. WLL

पूर्व स्वीकृति मिति २०८०/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३० LT. No. 294473 चलानी नं. ६०२०९५९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Helper | 15 | 10 | 100 | ३५,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED SAAD AL MOAJIL MEALS EST

पूर्व स्वीकृति मिति : २०८१/०२/२९ LT. No. 306329 चलानी नं. ६०२२०९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | kitchen workers | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ गते (20th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd. License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTIPLE MEAL ESTABLISHMENT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८१/०२/३० LT. No. 306358 चलानी नं. ६०२२१०१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ६ र ७ गते (20 & 21 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSEAS P. LTD. Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL WORK FINDER

पूर्व स्वीकृति मिति २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३० LT. No. 281582 चलानी नं. ६०१९८१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 9 | 550 | ७३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 650 | ८६,६५० | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७३,३१५ | | | | | | | |
| 4 | Factory Worker | 35 | 0 | 550 | ७३,३१५ | | | | | | | |
| 5 | Gardener | 5 | 0 | 550 | ७३,३१५ | | | | | | | |
| 6 | General Worker | 34 | 10 | 550 | ७३,३१५ | | | | | | | |

कम्पनी : INTERNATIONAL WORK FINDER (ROMANIA)

पूर्व स्वीकृति मिति २०७९/०४/०६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३० LT. No. 267209 चलानी नं. ६०१८४१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 650 | ८६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook helper | 6 | 0 | 550 | ६९,८२० | | | | | | | |
| 3 | Housemaid | 0 | 9 | 550 | ६९,८२० | | | | | | | |
| 4 | General Worker | 6 | 0 | 550 | ६९,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ र ६ गते (19 20 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १४१६०० | प्रति तोला - १४०९०० | प्रति तोला - १८२० |



**भाँडा सुकाइँदै** | शुक्लाफाँटा नगरपालिका १२ कालागौंडीका कुमाले माटोबाट निर्मित भाँडा घाममा सुकाउँदै। पछिल्लो समय माटोका भाँडाकुडाको माग बढ्दो रूपमा रहेको छ। *तस्बिर: राजेन्द्रप्रसाद पनेरु /रासस*

## ‘अर्ग्यानिक’ उत्पादन र बजारीकरण गर्न सम्झौता

■ प्रभाव संवाददाता

**अर्घाखाँची–** अर्घाखाँचीका किसानले उत्पादन गरेका अर्ग्यानिक कृषिजन्य वस्तुको बजारीकरणमा अब समस्या नहुने भएको छ। यसका लागि जनता एग्रो एण्ड फरेष्टी लिमिटेड काठमाडौंले अर्घाखाँचीको सन्धिखर्क नगरपालिका र पाणिनि गाउँपालिकासँग सम्झौता गरेको छ। ती दुई स्थानीय तहबाट उत्पादित अर्ग्यानिक कृषिजन्य वस्तुको समर्थन मूल्यमा बजारीकरण सो कम्पनीले जिम्मेवारी पनि लिएको छ।

सन्धिखर्क नगरपालिकाका कृषि शाखा प्रमुख राजेन्द्र भट्टराईले कृषि उपज वस्तुको कम्पनीले उचित मूल्यमा खरिद गर्ने जानकारी दिए। पालिका तहमा विभिन्न समूह बनाइ उत्पादन कार्य गरी समूहसँग सम्झौता गरी आर्थिक उपार्जन र उत्पादनको कार्यमा अगाडि बढ्ने सन्धिखर्क नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए। सम्झौता पत्रमा सन्धिखर्क नगरपालिकाको तर्फबाट नगर प्रमुख श्रेष्ठ, पाणिनि गाउँपालिकाको तर्फबाट उपाध्यक्ष नर्मदा पौडेल र जनता एग्रो एण्ड फरेष्टी लिमिटेडको तर्फबाट कम्पनीका अध्यक्ष पवनकुमार गोल्यानले हस्ताक्षर गरेका थिए। जनता एग्रो एण्ड फरेष्टी लिमिटेड काठमाडौंले उत्पादन गरेका वस्तु बिक्री गर्ने गरी सन्धिखर्कमा रहेको साथी बहुद्देश्यीय सहकारी संस्था लिमिटेडले समझौता गरेको छ।

व्यावसायिक कृषिका माध्यमबाट उचित मूल्य र बजार प्रवर्द्धनका लागि सम्झौतापछि जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले कम्पनीले बजारीकरणको जिम्मेवारी, विश्वासनियता कायम गरे अर्घाखाँची जिल्लामा अझै धेरै कृषिजन्य वस्तुको उत्पादनमा वृद्धि हुने बताए।

जिल्लामा धेरै कार्यक्रम गरे पनि सफल नभएकाले यो कार्यक्रम किसानको बिचमा विश्वासका साथ अगाडि बढाउन कम्पनीलाई उनले आग्रह गरे। सन्धिखर्क नगरपालिकाका नगरप्रमुख श्रेष्ठले माटो, पानी, वातावरणका साथै किसानको मागका अधारमा अगाडि बढाउने बताए। उनले भने, ‘गाउँ गाउँमा किसान समूह गठन गरेर अगाडि बढ्दै छौँ, पालिकाले व्यावसायिक रूपमा गर्ने किसानका लागि यान्त्रिकरण, बीउविजन, प्राविधिक विज्ञ सहयोग गर्दै छौँ, यो कार्यक्रममा हुने खेतीलाई जंगली जनावर असर पार्दैन। अब रोजगारका लागि विदेश गएका युवालाई समेत स्वदेश फर्काउने गरी अभियानकै रूपमा हामी अगाडि बढ्ने छौँ।’

## विश्वका लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीका लागि विश्वका लगानीकर्तालाई आग्रह गरेका छन्। स्वीट्जरल्याण्डको जेनेभामा जारी एक सय १२ औँ अन्तर्राष्ट्रिय श्रम सम्मेलनलाई नेपालको निजी क्षेत्रका तर्फबाट सम्बोधन गर्दै अध्यक्ष ढकालले सुमधुर श्रम सम्बन्ध, नेपाल सरकारले थालेको आर्थिक सुधार एवं भारत र चीनबीचको रणनीतिक बजारका कारण लगानीको वातावरण बन्दै गएकाले यसबाट लाभ लिन आग्रह गरे।

नेपालका रोजगारदाता श्रमिक कर्मचारीको सामाजिक सुरक्षाप्रति संवेदनशील रहेका र दुवै पक्षको पहलमा असल श्रम सम्बन्ध विस्तार भइरहेकाले यसलाई दिगो राख्न औद्योगिक विस्तार आवश्यक रहेकोमा उनले जोड दिए।

सम्बोधनका क्रममा उनले सामाजिक सुरक्षा, लैंगिक समानता र दिगो आयआर्जनका थप अवसर सिर्जना गर्न सम्मेलनमा सहभागी रोजगारदातालाई नेपालमा लगानी बढाउन आग्रह गर्नुभएको नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

भारतसँग १० हजार मेगावाट विद्युत् खरिद सम्झौता भएको र बंगलादेशसँग पनि यसबारे छलफल भइरहेको बताउँदै अध्यक्ष ढकालले नेपालमा उत्पादित बिजुलीको बजार सुनिश्चित भएकाले यस क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहेको बताए। यसैगरी भारत र चीनजस्ता धेरै जनसफ्या भएका उदीयमान अर्थतन्त्रमा नागरिकको क्रयशक्ति बढेकाले नेपालका ‘हिल स्टेसन’ हरूमा पर्यटकीय पूर्वाधार विस्तारको सम्भावना रहेको पनि उनको भनाइ थियो।

अध्यक्ष ढकालले सूचना प्रविधि, कृषिजन्य उद्योगलगायत उत्पादनमूलक क्षेत्रहरू नेपालमा तुलनात्मक रूपमा बढी लाभका क्षेत्र रहेका बारे विश्वका लगानीकर्तालाई जानकारी गराए।

लगानी सहजीकरणका लागि सरकारले द्विपक्षीय व्यापार सम्झौताको खाका तयार पारेको, लगानी सहज बनाउने कानुनमा सुधार हुँदै गएको र दोहोरो कर हटाउने नीति अंगिकारको योजनामा रहेको पनि सम्मेलनका सहभागीलाई जानकारी गराए। अध्यक्ष ढकालले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) र रोजगारदाताको अन्तर्राष्ट्रिय संगठन (आइओइ) का उच्च पदस्थ अधिकारीहरूसँग पनि भेटवार्ता गरेको विज्ञप्तिमा जनाइएको छ।

## सामान्य बढ्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अंकको वृद्धि देखिँदा कारोबार रकम भने उच्च देखिएको छ। नेप्से परिसूचक छ दशमलव ३७ अंकले बढेर दुई हजार एक सय २१ दशमलव ६२ को विन्दुमा कायम भएको छ। तीन सय १२ कम्पनीको एक करोड २९ लाख ५० हजार चार सय सात कित्ता सेयर ७४ हजार आठ सय ५८ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ८९ करोड ४० लाख ८९ हजार दुई सय ४५ बराबरको कारोबार भएको छ।

कारोबारमा होटल तथा पर्यटन समूह शून्य दशमलव १८, जलविद्युत् समूह शून्य दशमलव ६१, निर्जीवन बीमा शून्य दशमलव ४८ र व्यापार समूह शून्य दशमलव ३६ प्रतिशतले घटेको छभने अरू सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै वित्त समूह एक दशमलव ०७ प्रतिशतले बढेको छ। बैंकिङ शून्य दशमलव ८३, विकास बैंक शून्य दशमलव ११, लगानी शून्य दशमलव १२, जीवन बीमा शून्य दशमलव १७ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ६० प्रतिशतले बढेको छ।

लघुवित्त शून्य दशमलव ८८, म्युचुअल फन्ड शून्य दशमलव ३३ र अन्य समूह शून्य दशमलव ३४ प्रतिशतले बढेको छ। समृद्धि फाइनान्स कम्पनी लिमिटेड, मिड सोलु हाइड्रोपावर लिमिटेड, साधना लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रिनलाइफ हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

## प्राधिकरणको अत्याधुनिक ‘डेटा सेन्टर’ सञ्चालनमा

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले अन्तर ाष्ट्रियस्तरको अत्याधुनिक ‘डेटा सेन्टर’ सञ्चालनमा ल्याएको छ। प्राधिकरणले भविष्यमा व्यावसायिक कम्पनीलाई समेत सेवा उपलब्ध गराउन सक्नेगरी काठमाडौंको स्यूचाटारस्थित भार प्रेषण केन्द्रसँगै अत्याधुनिक सुविधा सम्पन्न अन्तर्राष्ट्रियस्तको डेटा सेन्टर सञ्चालनमा ल्याएको हो।

‘प्रि फेब्रिकेटेड कन्टेनर’ प्रयोग गरी तयार गरिएको तीन तला भवनको भुइँ तलामा काठमाडौं उपत्यकाको भूमिगत विद्युत् वितरण प्रणाली अनुगमन, नियमन तथा नियन्त्रण र सुरक्षा सञ्चालन कक्ष रहेका छन्। पहिलो तलामा कार्यालय तथा नेटवर्क सञ्चालन कक्ष र सबैभन्दा माथिल्लो तलामा डेटा सेन्टर रहेको छ।

डेटा सेन्टरका लागि तोकिएको ‘टियर-३’ अन्तर ाष्ट्रिय मापदण्डलाई पालना गरी उक्त सेन्टर निर्माण गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। उनका अनुसार प्राधिकरणले आफ्नो सेवालाई आधुनिक बनाउने उद्देश्यलाई पूरा गर्न डिजिटल एनइए कार्यक्रमअन्तर्गत निर्माण गरेको यस किसिमको नमुना ‘डेटा सेन्टर’ नेपालमै पहिलो हो।

डेटा सेन्टरमा प्राधिकरणका सूचना प्रविधिसँग सम्बन्धित सर्भरलगायत सबै डेटाहरू एकीकृत भण्डार गरी क्रमशः राखिने कार्यकारी निर्देशक घिसिङले बताए। उनले डेटा सेन्टर सञ्चालनमा आएसँगै प्राधिकरणले डेटा भण्डारणका लागि आफ्नो छुट्टै ‘प्राइभेट क्लाउड’ बनाउन लागिरहेको जानकारी दिए। कार्यकारी निर्देशक घिसिङले डेटा सुरक्षाका लागि नवलपर ासीको सुनवलस्थित नयाँ बुटवल सबस्टेसनमा विपद् रिकभरी सेन्टर निर्माण गर्ने प्रक्रिया अगाडि बढेको उल्लेख गरे। उनका अनुसार उक्त रिकभरी सेन्टर निर्माण नहुन्जेल हाल प्राधिकरणको प्रधान कार्यालयमा रहेको पुरानो डेटा सेन्टरलाई रिकभरी सेन्टरका रूपमा सञ्चालन गरिने छ।



सञ्चालनमा ल्याइएको नयाँ डेटा सेन्टरमा ४० वटा सूचना प्रविधि कक्ष रहेका छन्। तीमध्ये ३६ सर्भर र चार वटा नेटवर्क कक्ष प्राधिकरणले जनाएको छ। टियर ३ मापदण्डका लागि तोकिएका सर्तहरू पूरा गर्न आवश्यक व्याकप (सञ्चित)सहितको अविच्छिन्न विद्युत् आपूर्ति (एन प्लस वान पावर सप्लाई), चिस्यान (कुलिङ), स्वचालित अग्नि नियन्त्रण, सिसिटिभी निगरानी, सञ्चालन तथा सुरक्षाको निगरानीलगायत व्यवस्था गरिएको छ। अविछिन्न विद्युत् आपूर्तिका लागि बहुवैकल्पिक व्यवस्था गरिएको छ।

स्थानीय तथा मुलुकको विद्युत् प्रणालीमा समस्या आएर विद्युत् आपूर्ति बन्द भएमा डेटा सेन्टरलाई सुरक्षित रूपमा सञ्चालन गर्न एक मेगावाट क्षमताका दुईवटा जेनेरेटर तयारी अवस्थामा राखिएको कार्यकारी निर्देशक घिसिङले बताए। तीन सय केभिए क्षमताका दुई थान मोड्युलर युपिएस जडान गरिएको छ। युपिएसको विश्वसनीयतालाई ध्यान दिएर लिथियम आयन ब्याट्री प्रयोग गरिएको भन्दै मर्मत सम्भार तथा उपकरण प्रतिस्थापन गर्दा सेन्टरलाई बन्द गर्नु नपर्ने उनको भनाइ छ।

प्राधिकरणको रत्नपार्कमा रहेको प्रधान कार्यालय र सेन्टरलाई जोड्न वैकल्पिक मार्गसहितको अप्टिकल फाइबर जडान गरिएको छ। प्राधिकरणको प्रधान कार्यालय र डाटा सेन्टरलाई टेकु र बालाजुतर्फबाट अप्टिकल फाइबरमार्फत जोडिएको हो। उक्त डाटा सेन्टरलाई २४ घण्टा सञ्चालन गर्न कर्मचारी खटाइएको छ।

डेटा सेन्टरका अतिरिक्त सेन्टरबाट काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणालीलाई स्वचालित बनाउन निर्माणाधीन भूमिगत वितरण प्रणालीलाई अनुगमन, नियमन र नियन्त्रण गर्न सकिने पूर्वाधार तथा संरचना निर्माण गरिएको छ। यसमा उपत्यकाका सबस्टेसन तथा स्वीचिङ स्टेसनहरू जोडिने कार्यकारी निर्देशक घिसिङले जानकारी दिए।

केन्द्रबाट ११ केभी भन्दा कम ग्राहकको घरसम्म पुग्ने विद्युत् वितरण प्रणालीको व्यवस्थापन, अनुगमन र नियन्त्रण गर्न सकिने छ। डेटा सेन्टर परिसरमा तीन वटा विद्युतीय गाडी एकैपटक चार्ज गर्न मिल्ने गरी चार्जिङ स्टेसन पनि सञ्चालनमा ल्याइएको छ।

केन्द्र निर्माणका लागि चिनियाँ कम्पनी यानताई डोङफाङ विज्डम इलेक्ट्रिक कम्पनी लिमिटेडसँग सन् २०२१ जुलाईमा ठेक्का सम्झौता भई सोही वर्षको नेभेम्बरदेखि काम सुरु भएको थियो। सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलितपूर्ण ऋणमा निर्माण गरिएको सेन्टरको अनुमानित लागत करिब रु एक अर्ब ४० करोड बराबर रहेको प्राधिकरण कार्यालयले जनाएको छ। *रासस*

## गुरू ट्राभल्स र ग्लोबल आइएमई बैंकबीच सम्झौता

**काठमाडौं (प्रस)–** नेपालकै पहिलो पब्लिक लिमिटेड ट्राभल कम्पनी, गुरू ट्राभल्स लिमिटेड तथा नेपालको बैंक तथा वित्तीय क्षेत्रमा सशक्त रूपमा स्थापित/क्रियाशील वाणिज्य बैंक ग्लोबल आइ एम ई बैंकबीच व्यवसायिक सहकार्य सहमतिपत्रमा हस्ताक्षर सम्पन्न भएको छ।

ग्लोबल आइएमई बैंकको नक्साल शाखा प्रबन्धक पवन कुमार पौडेल तथा गुरू ट्राभल्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नवराज धरेलबाट हस्ताक्षरित सहमतिपत्र आयोजित एक विशेष कार्यक्रमका बीच सार्वजनिक गरियो। सहमतिपत्रमा उल्लेख भए बमोजिम ग्लोबल आइ एम ई बैंकका कर्मचारी तथा ग्राहकहरूलाई गुरू ट्राभल्स लिमिटेडले विभिन्न ट्राभल प्याकेजहरूमा रु.१०,००।०० सम्मको स्पेशल डिस्काउण्टका साथै अन्य विभिन्न आकर्षक सुविधाहरू उपलब्ध गराउनेछ। यस्तै गुरु ट्राभल्स लिमिटेडका कर्मचारी एवम् ग्राहकहरूले बैंकमा ट्राभलकार्ड तथा डलरकार्ड खरिदमा रु.५००।०० बराबरको स्पेशल डिस्काउण्ट लगायत अन्य विविध सेवामा अफरहरू प्राप्त गर्ने जनाइएको छ।

सामाजिक अभियानहरू तथा संस्थागत सामाजिक क्रियाकलापहरूमा आपसी सहकार्य गरी समन्वयात्मक ढंगबाट गर्ने गराउने पनि सहमति भएको छ।

कार्यक्रममा शाखा प्रबन्धक पौडेलले यो सहकार्यमा जोडिन पाउँदा खुसी व्यक्त गरे। गुरू ट्राभल्स लिमिटेडका साथमा भएको व्यावसायिक सहकार्यबाट गुणस्तरीय सेवा प्रदान गर्न थप योगदान पुग्ने विश्वास समेत उनले व्यक्त गरे।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ